२०५८
सहमति
(समुदाय र मानवता विकासका लागि प्रतिवद्ध संस्था)

# सहमति सन्देश

वर्ष ९, अङ्क ३, पूर्णाङ्क ३४ (Year 9, Vol. 3, Issue 34 ) वैशाख-असार, २०७१ / Apr.-Jun. 2014, SAHAMATI SANDESH

## सरोकारवालाको आँखामा सहमति

### संस्थागत भनाई

सहमति संस्था जुनबेला स्थापना भयो, त्यसैबेलादेखि समुदाय केन्द्रित सवालहरुमा काम गर्दै आइरहेको छ । वि.सं. २०५८ सालमा स्थापना भएको यस सामुदायिक संस्थाले गरिब, विपन्न तथा पछाडी पारिएका वर्ग र समुदायसँग उनीहरुसँग प्रत्यक्ष सम्बन्धित सवालहरुमा उनीहरुको सहभागितामा योजना छनौट तथा कार्यान्वयन गर्दै आउने क्रममा एउटा गाउँबाट आफ्नो अभियान शुरु गरेकोमा आजसम्म आइपुग्दा राष्ट्रियस्तरको गैससको रुपमा पहिचान सहित आफ्ना क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको छ ।

संस्थाले हालसम्म देशका पूर्वदेखि सुदूर पश्चिमसम्मका २० जिल्लाहरुमा काम गरेको अनुभव छ भने वर्तमान अवस्थामा ७ जिल्लामा विभिन्न सामुदायिक विकासका कामहरु गर्दै आइरहेको छ । हालसम्म सञ्चालित सबै कामहरु सफलतापूर्वक अवतरण भएका छन् । सहमतिद्वारा सञ्चालन हुने सबैखाले परियोजनाहरुको कार्यान्वयनमा टोल, वस्ती, गाउँदेखि जिल्ला हुँदै केन्द्रिय तहसम्मका सरोकारवालाहरुको सहभागिता तथा सहकार्य हुँदै आएका छन् । कुनैपनि सामुदायिक विकासका काम गर्दा, सेवा प्रदायक निकायहरु र सेवाग्राहीहरु बीच तालमेलले महत्वपूर्ण भूमिका खेल्दछ । सामुदायिक विकासका काम गर्दा ख्याल गर्नैपर्ने कुराहरु दिगोपनाका लागि अपनत्व र दोहोरोपना रहित हुनु आवश्यक हुन्छ । तसर्थ परियोजना परियोजनामै सीमित हुन नदिनका लागि समुदायको अपनत्व हुनु आवश्यक हुन्छ भने अपनत्व कायम हुनका लागि सहकार्य र सहभागिता महत्वपूर्ण कडीको रुपमा लिन सकिन्छ ।



सहमतिले नियमित रुपमा प्रकाशन गर्दै आएको त्रैमासिक पत्रिका “सहमति सन्देश” को यस अंकमा संस्थाले आफूले गरेका विभिन्न क्रियाकलापहरुको बारेमा बाह्य हेराई र बुझाई कस्तो रहेछ भन्ने कुरा बुझ्ने उद्देश्यले “सरोकार वालाको आँखामा सहमति” शीर्षक राखी प्रकाशन गर्न लागिएको हो ।

सहमतिद्वारा प्रकाशन हुने यस अंकका लागि आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण सुझाव सहितका लेख, रचना उपलव्ध गराउनु हुने सरकारी निकायका आदरणीय व्यक्तित्वहरु, संघसंस्था एवं सहकारी संस्थाका प्रमुख र विभिन्न शुभचिन्तक महानुभावहरुमा संस्थाको तर्फबाट हार्दिक धन्यवाद दिन चाहान्छु ।

साथै यस अंक प्रकाशनका क्रममा विभिन्न जिल्लामा सञ्चालित कार्यक्रमबाट सम्बन्धित जिल्लास्थित जिविस, विषयगत कार्यालयहरु र संघसंस्थाबाट लेख, रचना संकलन गर्ने कार्यमा संलग्न साथीहरु साथै यस अंक प्रकाशनका लागि पर्नुहुने केन्द्रीय कार्यालयमा कार्यरत सबै साथीहरुलाई पनि धन्यवाद दिन चाहान्छु ।

**रत्नप्रसाद सापकोटा**
अध्यक्ष

### सहमतिका मूल्य र मान्यताहरू

- सामुहिकता र सामाजिक सद्भावका लागि ऐक्यवद्धता
- कार्यक्रमका सबै पक्षहरुमा पारदर्शीता
- मानवीय स्वाभिमानको संरक्षण र विकास
- लाभान्वित वर्ग, संस्था र सबै सरोकारवालाहरूको प्रशंसा
- सबै पक्षसँग मिलेर सहमतिमा कार्य
- सामुहिक कार्यको आत्मसात
- संस्थाभित्र र कार्यक्रममा समावेशीकरण (महिला, आर्थिक र सामाजिक रूपमा विभेदित समुदायहरू)
- सुशासन र स्व-निर्भरताको प्रवर्द्धन

### यस भित्र ........

- विभिन्न जिल्लास्थित सरोकारवाला निकायहरुद्वारा सहमतिप्रतिको दृष्टिकोण सम्बन्धमा लेखिएका लेख तथा रचनाहरु
- हाल सञ्चालित साझेदारी कार्यक्रमहरुको त्रैमासिक उपलब्धीहरु
- विभिन्न कार्यक्रमहरुको फोटो झलकहरु

## सहमति सन्देश

वर्ष-९, अङ्क-३, पूर्णाङ्क-३४

(वैशाख - असार २०७१)

**संरक्षक**

रत्नप्रसाद सापकोटा

अध्यक्ष, सहमति

**संकलन तथा संयोजन**

रीता कुमाल

**सम्पादन**

अशोकराज पोखरेल

सरोज भुषाल

**विशेष सहयोगी**

रविन्द्रनाथ अधिकारी

सुन्दर बाबु बानिया

शिव सुवेदी

खिल बहादुर घले

धनप्रसाद पौडेल

विकास सापकोटा

**प्रकाशन सहयोगी**

Oxfam Hong Kong

अक्सफाम हङकङ

**पत्राचार तथा सुझावका लागि**

**सहमति**

गैंडाकोट-५, नवलपरासी

फोन नं. : ०५६-५०२०९०, ५०२३७३

फ्याक्स : ०५६-५०२२७७

इमेल : sahamati@wlink.com.np

वेभसाइट : www.sahamati.org

**मुद्रण :**

शुभकामना अफसेट प्रेस Shubhakamana Offset Press

शहीदचोक, नारायणगढ, फोन: ०५६-५७१७८५

इमेल : shubhakamana_press@yahoo.com


# सम्पादकीय.........

गैरसरकारी संस्थाहरु ग्रामीण समुदायको जीवनस्तर (Quality of Life) सुधारको लागि आ-आफ्नै तौरतरिका र क्षमता अनुसार लागि परेका छन् । यद्यपी धेरै संघसंस्थाहरुको अझै पनि राज्य, सरोकारवाला र समुदायसंगको सहकार्य एवं समन्वयमा कमी भएको पाइन्छ । जसको प्रत्यक्ष प्रभाव कार्यक्रमको कार्यान्वयन तथा उपलब्धीमा पर्दछ । यसरी हामी जहाँ, जुन समुदायमा काम गर्छौं उक्त समुदाय र सम्वन्धित सरोकारवालासँग समन्वयात्मक ढंगले हातेमालो गर्दै अगाडि जान सकिएमा कार्यक्रमको प्रभावकारीतामा वृद्धि हुने कुरामा दुईमत छैन ।

त्यसो त हाम्रो सन्दर्भमा प्राचीन कालदेखि नै गुठी, ढिकुरी, पाटी, पौवा, कुवा, चौतारी, धर्मशाला जस्ता विभिन्न सामुदायिक अभ्यास मार्फत सामाजिक कार्यहरु भएको पाइन्छ भने औपचारिक रुपमा सन् १९२६ मा चर्खा प्रचारक गुठीको स्थापनासँगै गैरसरकारी संस्थाको विकास शुरु भएको हो । लगत्तै परोपकार संस्था, नेपाल परिवार नियोजन संघ जस्ता स्थापना भई हाल सामुदायिक संस्थाहरुले राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरसम्म विभिन्न विकासमुखी क्रियाकलापहरु सफलतापूर्वक सम्पन्न गरेको हाम्रो सामु विदितै छ । अतः यसरी विकासमुखी दृष्टिकोणबाट विश्लेषण गर्दा सामाजिक संस्था देशमा विकासको ढोका खोल्न, समुदायको सामाजिक, आर्थिक, रुपान्तरणको निम्ति एउटा संवाहकको रुपमा लिन सकिन्छ ।

यही सामाजिक यात्रामा विगत १२ वर्षदेखि राज्य एवं अन्य निकायहरुसँग हातेमालो गर्दै पिछडिएको समुदायको सामाजिक एवं आर्थिक रुपान्तरण गर्न यस सहमति संस्थाले होस्टेमा हैंसे गर्ने कार्य गरेको छ । आफ्नो स्थापना कालदेखि नै देशका विभिन्न क्षेत्रमा रहेका समुदायको प्रत्यक्ष सहभागिता, सहयोग, स्थानीय निकाय एवं सरोकारवालाहरुको सल्लाह, सुझाव, सहकार्यमा आफ्ना क्रियाकलापहरु सम्पन्न गरेको छ । सहमतिले समुदाय तथा सरोकारवालाहरुसँग समन्वय र सहकार्यमा विभिन्न असल अभ्यासहरुको थालनी गरेको छ । चाहे त्यो महिला तथा युवाहरुको नेतृत्व विकासमा होस् वा संस्थागत विकासका साथै सहकारी अभियानका विभिन्न असल अभ्यास होस् सहमति आफ्नो भूमिकालाई सिर्जनशील तथा नविनतम बनाउन चाहन्छ । सहमतिले वैदेशिक रोजगारीमा जाँदा हुन सक्ने ठगी तथा जोखिम कम गर्न "युवा सूचना केन्द्र" स्थापना गरेको छ भने कृषि तथा गैर कृषिजन्य उत्पादन भण्डारण, बजारीकरण र व्यवसाय प्रवर्द्धनमा नमूना कार्यहरु गरिरहेको छ । वास्तवमा विकास र साकारात्मक परिवर्तन एकल प्रयासबाट असम्भव पनि छ । सबै पक्षले आ-आफ्नो तवरबाट जिम्मेवारीपूर्वक र समन्वयात्मक ढंगले समुदायको सहभागितामा कुनैपनि क्रियाकलाप गर्‍यो भने त्यसको परिणाम सकारात्मक आउँछ जसको ज्वलन्त उदाहरण यस बुलेटिनमा सहमतिले गरेका विभिन्न क्रियाकलापहरुलाई सरोकारवालाको आँखाबाट विश्लेषण गर्दा प्रष्ट झल्कन्छ । केही उदाहरणीय प्रयास बारे सरोकारवालाहरुले भनेका मुख्य केही वाक्यांश यसप्रकार छन् ।

*"जुनार र जंगलले चिनिएको सिन्धुली जिल्ला नेपालमा पहिलो पटक सहकारीमा शतप्रतिशत घरधुरी आवद्धता गरी अब सहकारीको नामले पनि चिनिन थालेको छ ।"*

**- थलकुमार गौतम, सचिव, भद्रकाली गाविस-सिन्धुली**

*"एक घर एक शेयर अभियान सफल होस् ।"*

**- विष्णुप्रसाद सुवेदी, कार्यालय प्रमुख, डिभिजन सहकारी कार्यालय-बाग्लुङ**

*"सहमति हाम्रो गाविसमा महिला दिदी, बहिनीहरुको क्षमता अभिवृद्धि र आर्थिक प्रगतिका लागि बाटो देखाई दिने श्रवणकुमार भएको छ ।"*

**- खेटराज अधिकारी, अध्यक्ष, स्वावलम्वी साकोस, हतपते, सिन्धुली**

*"सामाजिक संस्थाहरुको लागि सहमति एक विद्यालय हो"*

**- अध्यक्ष, गैसस महासंघ, जिल्ला शाखा, म्याग्दी**

यस दौरानमा आफ्नो अमूल्य लेख, रचनाहरु तयार गरिदिनुहुने सरोकारवालाहरुलाई हृदयदेखि प्रशंसा गर्दै आगामी दिनमा पनि हातेमालो गर्दै समुदाय र मानवता विकासमा निरन्तर अघि बढिरहने प्रण गर्दछौं ।

# सामाजिक संस्थाहरुको लागि सहमति एक विद्यालय

✍ हरिप्रसाद पौडेल
अध्यक्ष, गैसस महासंघ, जिल्ला शाखा म्याग्दी



सहमति, नवलपरासी जिल्लाको गैडाकोटमा केन्द्रीय कार्यालय रही सोही जिल्लामा मात्रै नभइ देशका विभिन्न भागमा सामाजिक परिचालनको कार्यक्रम मार्फत सशक्तिकरण, आयआर्जन र क्षमता अभिवृद्धि गर्दै आइरहेको संस्थाको रुपमा मैले यसलाई हेरेको छु । विगत सन २०१२ को नोभेम्वरदेखि यस म्याग्दी जिल्लामा पनि सहमतिले प्लान नेपालसँगको साझेदारीमा किशोरी शक्ति परियोजना र दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रमको माध्यमबाट जिल्लाका २७ गाविसमा महिला तथा १६ देखि २४ वर्ष उमेर समूहका युवा महिला शसक्तीकरणका लागि युवा महिला संस्था गठन र समूह सहकारी प्रवर्द्धनमार्फत् आयआर्जनलाई प्रमुख कार्यक्षेत्र बनाई कार्यक्रम सञ्चालन गरिरहेको पाइन्छ । यसका अलवा तरकारीखेती तथा सामान्य रुपमा पशुपालनमा समेत सहयोग गरिरहेकोले यस जिल्लामा सहमतिले जनताको मन जित्न सफल भएको पाइन्छ ।

सहमतिले म्याग्दी जिल्लामा जिल्ला कार्यालय राखी कार्यक्रम सञ्चालन गरिरहेको छ भने सरोकारवाला निकायहरुसँगको समन्वयलाई पनि निरन्तरता दिइरहेको छ । सहमति आफैमा एक सक्षम र अगुवा सामाजिक संस्थाको रुपमा देशभर नै आफ्नो छवि उच्च बनाइरहेको छ र यो संस्था आफैमा एक विद्यालय हो भन्ने लाग्छ । यस संस्थाले समाज परिचालनमा खेलेको भूमिका र योगदान अतुलनीय रहेको छ र यस छविलाई उच्च बनाइरहन दिर्घकालीन महत्वका कार्यक्रमहरु सञ्चालन गर्ने, आम सरोकारवालासँगको सम्वन्धलाई अरु सुमधुर बनाउँदै लैजाने र स्थानीय परिस्थिति र परिवेशलाई आँकलन गरी कार्यक्रम सञ्चालन गर्दै जाओस् भन्नेसमेत शुभकामना दिन चाहन्छु ।

गैसस महासंघ म्याग्दीमा सह आवद्धता लिई यस जिल्लामा कार्यक्रम सञ्चालन गरिरहेको सहमतिले यस जिल्लामा पनि सामाजिक परिचालनका आफ्ना अनुभवहरुलाई जिल्लाका अन्य सामाजिक संस्थाहरुमा समेत विम्वित गर्नुपर्ने देखिन्छ । साथै २ वा २ भन्दा बढी जिल्लामा कार्यक्रम साञ्चालन गर्ने संस्था भएकोले स्थानीय संस्थाहरुलाई सहभागी गराई आफ्ना कार्यक्रमहरु सञ्चालन गर्नसकेमा अझै कार्यक्रमका दिगोपन आई कार्यक्रमले लिएको लक्ष्य परिपूर्ति हुन सघाउ पुग्ने, र स्थानीय जिल्लाले पनि कार्यक्रमलाई यस जिल्लाको आवश्यकताको रुपमा हेर्ने हुँदा त्यतातर्फ पनि ध्यान जाओस् भन्न चाहन्छु ।

अन्त्यमा आफ्नो नियमित प्रकाशन सहमति सन्देशमा मलाई आफ्ना भावनाहरु समेट्ने अवसर प्रदान गरेकोमा सहमति परिवारप्रति आभार व्यक्त गर्दै आगामी दिनहरुमा संस्थाले लिएका लक्ष्यहरुमा पुग्न सफलता मिल्दै जाओस्, यही शुभेक्षा प्रकट गर्दछु । ❁❁❁

# भद्रकाली गा.वि.स.मा सहमति

✍ थल कुमार गौतम
सचिव, भद्रकाली गा.वि.स. सिन्धुली



थाहा छैन मलाई सिन्धुली अनि भद्रकाली गा.वि.स.लाई सहमतिले कार्यक्षेत्र बनाई काम सुरु गरेको मिति तर म भद्रकाली गाविसमा जब गाविस सचिवमा नियुक्ति भएर आएँ त्यस पश्चात् सहमतिका हरेक प्रकारका कार्यक्रमहरुलाई नजिकबाट नियाल्दै जाँदा नेपाल सरकारले ल्याएको नीति अनुरुप आर्थिक, सामाजिक तथा लैङ्गिक हिंसामा परेका महिलाहरुको जीवनस्तर माथि उठाउने र सहकारीको माध्यमबाट गाँउले जीवन बिताइरहेका ती गरिवहरुले साहुसँग ऋण काढेर चर्को ब्याजले जीवनभरी नोकर र दासी जीवन बिताउन बाध्य अनि आफ्ना छोराछोरी पढाउन नसक्ने गाउँले महिला दिदीबहिनीहरुका घाउमा मलम लगाउन सफल भएको छ । जब म सहमतिका सबै कार्यक्रमहरुमा सहभागी हुँदै जान थालें अनि मात्र थाहा पाए अब यस गाविसमा पनि साँच्चै परिवर्तनका टुसाहरु फक्रन सक्छन् र आज मेरो आशा साँच्चै नै पूरा भएको छ ।

मलाई यस्तो लाग्यो म पनि यस गाविसको विकासका लागि खटिएको एक सेवक हुँ, मैले पनि यहाँको विकासको लागि केही गर्नुपर्दछ । त्यसैले मैले सहमति संस्थासँग मिलेर एकैसाथ अगाडि बढी यस गाविसको समग्र विकासमा सहभागी भएँ । यस गाविसलाई सहकारीको माध्यमबाट सक्षम र सफल गाविसका रुपमा परिचित गराउने अभिप्रायले **"महिला सहकारीमा शतप्रतिशत घरधुरी आवद्धता अभियान"** कार्यक्रममा सक्रियताकासाथ सहयोग गर्दै अगाडि बढ्ने क्रममा कतिले यस अभियानलाई सकारात्मक रुपमा लिए त कतिले ठीक नभएको अभिव्यक्ति पनि व्यक्त नगरेका होइनन् । तथापि "एकले थुकी सुकी सयले थुकी नदी" भने झैं सबैको सहयोग र मेहनतले सबै वडाहरुका ८५२ घरधुरीबाट ११५२ महिला तथा युवा महिलाहरुलाई सहकारीमा आवद्ध गराई मिति २०६९ भाद्र २८ गतेका दिन ऐतिहासिक सिन्धुलीगढीमा "शतप्रतिशत घरधुरी आवद्धता घोषणा कार्यक्रम" सफलतापूर्वक सम्पन्न भयो ।

> ***जुनार र जंगलले चिनिएको सिन्धुली नेपालमा पहिलो पटक सहकारीमा शत्प्रतिशत घरधुरी आवद्ध गरी अब सहकारीको नामले पनि चिनिन थालेको छ ।***

"जुनार र जंगलले चिनिएको सिन्धुली नेपालमा पहिलो पटक सहकारीमा शतप्रतिशत घरधुरी आवद्ध गरी अब सहकारीको नामले पनि चिनिन थालेको छ ।" देशका धेरै ठाउँबाट अहिले सहकारी अध्ययन अवलोकन भ्रमणका लागि सिन्धुली आउने लहर नै चलेको छ । साँच्चै नै सिन्धुली *(बाँकी ८ औं पेजमा)*

# सहकारी र सहमति गैर सरकारी संस्था

✍ विष्णु प्रसाद सुवेदी
कार्यालय प्रमुख, डिभिजन सहकारी कार्यालय, बागलुङ

मानव सभ्यताको उदयसँग सहकारीको भावना जागृत भएको पाइन्छ । बेलायतबाट अठारौं शताब्दीको उत्तरार्धमा सहकारीको औपचारिक रुपमा शुरु भई नेपालमा २०१३ साल चैत्र २० गतेबाट सहकारीको अभ्यास शुरु भएको अवस्थामा ३० बर्षे पंचायती शासन कालमा सहकारीहरुको संख्या ८३० (आठ सय तिस) रहेको र २०४६ सालको परिवर्तनपछि सहकारीहरुको खास प्रयोग सुरु भई हाल करिब ३० हजारको संख्यामा सहकारी संघसंस्था रहेको वर्तमान अवस्थामा सहकारीमा जनता आवद्ध हुने र आफ्नो श्रमको सही सदुपयोग गर्ने आफै मालिक र आफै ऋणी हुने अवस्था सहित गरिबी निवारण गर्ने लक्ष्यका साथ सहकारीको अभियान सञ्चालन भएको अवस्थामा सीमित व्यक्ति र संस्थाहरुले सहकारी क्षेत्रलाई बदनाम गराई व्यक्तिगत फाइदा लिन सहकारीको नाम जोडेको अवस्थामा सरकारले प्रभावकारी भूमिका निर्वाह गरी शुसासन कायम गराउनु आजको प्रमुख चुनौति र आवश्यकता दुबै हो ।

सहमति गैर सरकारी संस्था (NGO) को भूमिका खास गरी समुदाय एवं दूर दराजमा रहेका व्यक्तिहरुको सशक्तिकरण एवं सरकार नपुग्ने गाउँमा सरकारी उपस्थिति जनाउन महत्वपूर्ण भूमिका रहेको यस कार्यालयले महशुस गरेको बर्तमान अवस्थामा गैर सरकारी संस्था (NGO) ले निर्दिष्ट उद्देश्य र कार्यहरु स्वतन्त्र पुगेर सम्पन्न गर्नु, आवश्यक दुर्गम क्षेत्रमा सेवा प्रदान गर्नु, नागरिक हक हितको पक्षमा योजना तर्जुमा, नीति निर्माण र योजना कार्यान्वयन गराउने हेतुले कार्य गर्नु, बहस पैरवी गर्नु, स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय तहमा संगठित हुने, गैर नाफामूलक स्वयम्सेवी नागरिकहरु र संगठनहरुको स्वयम्सेवी समूहको रुपमा आफूलाई अझ परिस्कृत गर्नु आजको आवश्यकता हो । धौलागिरीमा विशेष गरी सहमति र प्लान नेपालले सहकारी मार्फत दुर्गम क्षेत्रका पिछडिएका वर्ग महिला, दलित, जनजातिहरु र अपाङ्गता भएको परिवारलाई पीडा वा दु:खबाट छुटकारा दिने, गरिव र निमूखाहरुको हित प्रवर्द्धन गर्ने, वातावरण संरक्षण गर्ने, आधारभूत सामाजिक सेवा प्रदान गर्ने वा समुदाय विकासको कार्यमा सहकारी संस्थालाई सशक्तिकरण गरी नीजि संस्थाको भूमिकालाई प्रभावकारी बनाउन अझ बढी लाग्नु पर्ने अवस्था छ जसका लागि सरकारी निकाय बीच प्रभावकारी समन्वय, सहकार्य गर्ने संस्कृतिलाई अझ बढी प्रभावकारी भूमिका खेल्न सकोस् भन्ने शुभकामना दिन चाहन्छु ।



NGO ले सहकारी क्षेत्रमा तालिम र सूचनाको माध्यमबाट सहकारीको संस्थागत विकास र सहकारी सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने, कृषि उत्पादनलाई व्यवसायिकरण गर्ने, महिला गरिब सीमान्तकृत अपाङ्गता भएका भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकहरुको साथै आम नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुँच अभिवृद्धि गर्ने, सहकारी प्रवर्द्धित उद्योग व्यवसायको विकास तथा बिस्तार गर्दै सहकारी क्षेत्रलाई प्रभावकारी, प्रतिस्पर्धी र गुणस्तरीय बनाउन, सहकारीका निर्दिष्ट मूल्य र सिद्धान्तहरुको अभ्यास गर्दै प्रभावकारी व्यवस्थापन विधिको अबलम्वन तथा सहकारी क्षेत्रमा शुसासन कायम गर्ने, सहकारी उद्योग व्यवसायहरुको विकास विस्तार र प्रवर्द्धन गर्न सरकार, सहकारी र निजिक्षेत्र तथा विकासका साझेदारहरु बीच सहकार्य र सहयोगलाई प्रवर्द्धन गर्ने, काममा आफ्नो भूमिकालाई अझ बढी सरकारसंग सहकार्य गरी अगाडी बढ्नु पर्छ । भनिन्छ "**जहां नपुगे राज्य सरकार त्यहां पुगे** NGO **को सरोकार**" भन्ने कुरालाई प्रभावकारी बनाएको यस कार्यालयले महशुस गरेको अवस्था औंल्याउन चाहन्छु । अझ दूरदराज र पिछडिएको क्षेत्रमा आफ्नो भूमिकालाई प्रभावकारी बनाउन आफु (सरकार), सहमति र प्लान नेपाललाई आग्रह गर्न पनि चाहन्छु । आफ्नो संस्थालाई अझ बढी सफलतापूर्वक कार्य निर्वाह गर्न सहकारी संस्थाहरुको क्षमता अभिबृद्धि गरी "एक घर एक शेयर" अभियान एवं व्यापक समुदाय केन्द्रित जति धेरै शेयर सदस्यता उति नै सहकारीको उज्वल भविष्य भन्ने मान्यतालाई अगाडी बढाई सहकारी क्षेत्रमा नयाँ ज्ञान, सीप र धारणा प्रदान गर्न सहकारी तालिम सहजिकरण गर्न सहकारी संस्थाको सम्बन्ध र विकासलाई जोड्न सहकारी व्यवस्थापनलाई प्रभावकारी बनाउन र सहकारीमा मनोपरामर्शदाताको भूमिका निर्वाह गर्न सहमति (NGO) अझ सफल होस भन्ने कामना गर्न चाहन्छु । अझ बढी सरकार र गैससको भूमिका गरिवी न्यूनिकरण, सशक्तिकरणका लागि सहजकर्ता अभिमुखीकरण, पृष्ठपोषणकर्ता र स्थानीय स्वरोजगार स्थापना गर्न सहकार्य,समन्वयको अपेक्षा राख्दछु ।

# जिल्ला कृषि विकास कार्यालयको नजरमा अमिला जातका फलफूलको बजार प्रवर्द्धन कार्यक्रम

✍ बाल गोविन्द त्रिपाठी
बागवानी विकास अधिकृत, नवलपरासी

नेपालको करिब मध्य भागमा अवस्थित यो नवलपरासी जिल्ला पाँच विकास क्षेत्रमध्ये पश्चिमाञ्चल विकास क्षेत्रमा पर्दछ । यस जिल्लाको सम्पूर्ण भू-भागलाई दाउन्ने डाँडाले करिब बीचबाट चिरी पूर्वतर्फ नवलपुर र पश्चिमतर्फ परासी गरी दुई भागमा विभाजन गरेको छ । सुन्तला उत्पादनको क्षेत्रमा यो जिल्लाले नेपाल अधिराज्यमा एउटा विशेष पहिचान बनाइसकेको छ । राजमार्गदेखि उत्तरतिरका करिब १७ वटा गाविस सुन्तला बालीको लागि मौषम एवं हावापानीको दृष्टिकोणले उपयुक्त भएता पनि विशेष गरेर जिल्लाको नरम, रुचाङ्ग, अर्खला, जौवारी र डाँडाझेरी गरी ५ वटा गाविसमा व्यवसायिक रुपमा सुन्तला खेती गरिएको पाइन्छ ।

यस जिल्लामा तराई, भित्रि मधेश तथा पहाडी भाग भएकोले हावापानीमा विविधता स्पष्ट रुपले देख्न सकिन्छ । यस विविधताको परिणाम स्वरुप जिल्लामा व्यवसायिक फलफूलको प्रशस्त सम्भावना रहेको पाइन्छ । बागवानीका फलफूल बालीहरुको प्रवर्द्धन र विस्तारले निम्न आय भएका वर्गहरुको आयआर्जनमा ठूलो टेवा पुग्ने कुरामा दुईमत रहन सक्दैन । त्यसैले विगत केही वर्षयता जिल्ला कृषि विकास कार्यालयले कृषकहरुलाई उन्नत खेती सम्बन्धी प्राविधिक ज्ञान र सीप प्रदान गर्न तालिम, गोष्ठी, भ्रमण एवं उचित बजार व्यवस्थापनका लागि संकलन केन्द्र स्थापनामा विशेष जोड दिंदै आइरहेको फलस्वरुप व्यवसायिक रुपमा फलफूल खेती सुन्तला, केरा, मेवा, उत्साहजनक रुपमा वृद्धि भई जिल्लाको आन्तरिक माग पूर्ति हुनुका साथै जिल्ला बाहिर पनि उल्लेखनीय रुपमा निर्यात भइरहेको छ ।

भौगोलिक विविधताले सम्पन्न यस जिल्लामा व्यवसायिक फलफूल खेतीको प्रशस्त सम्भावना रहेको पाइन्छ । नवलपरासी जिल्लामा व्यवसायिक दृष्टिकोणले तराईमा आँप, भित्री मधेशमा केरा तथा मेवा रहेको छ भने पहाडी क्षेत्रमा सुन्तलावालीले महत्वपूर्ण स्थान ओगटेको पाइन्छ । सुन्तला बाली विकासको लागि जिल्ला कृषि विकास कार्यालय नवलपरासी लगायत जिल्लाको गैंडाकोटमा अवस्थित सहमतिबाट विशेष रुपले आवश्यक पहल भइरहेको छ ।

आ.व. २०६९/०७० को तथ्यांक अनुसार हाल यस जिल्लामा करिव ८७ हेक्टर जमिनमा सुन्तला खेती गरिएको पाइन्छ । तथापी उत्पादनशील क्षेत्र ५४ हेक्टर रहेको तथ्यांकबाट देखिएको छ । उत्पादकत्वको दृष्टिकोणले प्रति हेक्टर ६.५ मे.टन रहेको पाइयो । सुन्तलाबाली विकासका लागि जिल्ला कृषि विकास कार्यालय, नवलपरासी एवं सहमति गैंडाकोटबाट विशेष पहल भइरहेको र व्यवसायिक सुन्तला खेतीको लागि प्रशस्त सम्भावना तथा अवसरहरु रहेको पाइन्छ ।

सुन्तला बाली विकास एवं बजार प्रवर्द्धनको लागि जिल्ला कृषि विकास कार्यालय नवलपरासीको सहकार्यमा सहमति गैंडाकोटले अमिला जातको फलफूलहरुको बजार प्रवर्द्धन विभिन्न १९ वटा समूहको गठन गरी त्यसै मार्फत प्राविधिक एवं आर्थिक सहयोगहरु गरिरहेको छ । यस्तै स्थानीयस्तरमा सुन्तला बिरुवाको सहज उपलव्धताको लागि २ वटा नर्सरी स्थापना तथा व्यवस्थापनमा सहयोग गरेको छ । यसैगरी सहमति गैंडाकोटबाट उन्नत एवं आधुनिक सुन्तला खेती प्रविधि सम्बन्धी तालिम सञ्चालन गरी सुन्तला खेतीको विषयमा त्यहाँका कृषकहरुलाई सुसुचित गराउने भरपुर प्रयास भइरहेको स्वयं त्यहाँका अगुवा कृषकहरुबाट जानकारी प्राप्त भएको छ । यसको साथै सुन्तलावाली उत्पादनोपरान्त गरिनुपर्ने क्रियाकलाप तथा बजारसम्म सहज एवं गुणस्तरीय उत्पादन पुगोस् भन्ने उद्देश्यले पोष्ट हार्भेष्ट प्रविधि विषयमा तालिम सञ्चालन गरी सुन्तला कृषकको क्षमता अभिवृद्धिमा सहयोग पुगेको प्रष्ट देखिन्छ । सुन्तला बालीमा लाग्ने विभिन्न किसिमका शत्रु जीवहरु, रोग विषयमा बाली अवधि भरको लागि एकिकृत शत्रु जीव व्यवस्थापन तालिमको माध्यमबाट स्वस्थ एवं प्राङ्गारिक उत्पादनमा समेत सहयोग पुगेको छ । उत्पादित सुन्तलालाई बढी समयसम्म राख्न नसक्ने भएको हुनाले शुन्यशक्ति शित भण्डारण निर्माण गरी सुन्तलालाई बढी समयसम्म भण्डारण गरेर राख्न सकिने प्रविधिमा सहमतिले सहयोग गरेको छ । यसैगरी कृषि औजार तथा कृषि सामाग्रीहरु पनि कृषकहरुलाई वितरण गरेको छ । हाल आएर सिञ्चाई सुविधामा पनि सहयोग थालेको अमिला जातका फलफूलहरुको बजार प्रवर्द्धन कार्यक्रम (CMDP) बाट यस क्षेत्रको कृषकहरुको लागि अति आवश्यक सिञ्चाईको व्यवस्थापनमा अझ बढी सहयोग पुगेमा सुन्तला बालीको उत्पादन तथा उत्पादकत्वमा सकारात्मक सहयोग पुग्ने आशा गर्न सकिन्छ । यस्तै यहाँ उत्पादन भएको सुन्तलाको उत्पादक कृषकहरुले आकर्षक मूल्य पाउन एवं ढुवानी खर्चमा बचत होस् भन्ने हेतुले त्यसका लागि संकलन केन्द्र निर्माणमा सहयोगको अपेक्षा गरिएको छ ।



सुन्तला उत्पादन कार्यलाई वृहत एवं दिर्घकालीन बनाउनुको साथै सहकारीको भावना विकास होस् र कृषकले उत्पादनको सही मूल्य पाउनका लागि सुन्तला खेतीसँग आवद्ध कृषकहरुको सहभागितामा सहकारी संस्थाको स्थापना हुन सके त्यसबाट दिर्घकालीन रुपमा राम्रो सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ । हालको जस्तै आगामी दिनहरुमा पनि सुन्तला वालीमा रोग, कीरा व्यवस्थापनको लागि स्प्रेयर वितरण, समयमा गुणस्तरीय सुन्तलाको बिरुवा वितरण लगायत अन्य प्राविधिक सहयोग सहमति संस्थाबाट निरन्तर उपलब्ध हुँदै जानेछ भन्ने आशा लिएका छौं ।

सहमति संस्थाबाट यस जिल्लाको सुन्तला बाली प्रवर्द्धन एवं बजार विकासको लागि गरिएको योगदान उदाहरणीय एवं अनुकरणीय रहेको र संस्थाको सहयोग र कार्यप्रति जिल्ला कृषि विकास कार्यालय निकै उत्साहित भएको छ र सहमति संस्थाबाट अमिला जातका फलफूलको बजार प्रवर्द्धन कार्यक्रम मार्फत अझ बढी सहयोगको अपेक्षा पनि गरिएको छ ।

# महिला शसक्तिकरणका लागि सहमति

✍ खेटराज अधिकारी
अध्यक्ष, स्वाबलम्बी साकोस, हतपते, सिन्धुली

सिन्धुली जिल्लाको पूर्वी दक्षिण भागको दक्षिणमा चुरे र उत्तरमा ढुंग्रेडाँडाको बीचमा कमला नदीको तटीय क्षेत्रमा अवस्थित कमलाखोज क्षेत्र अन्नभण्डारको रुपमा रहेको हत्पते गा.वि.स. आदिवासी दनुवार र माझीको रैथाने बसोबास रहेको गा.वि.स. हो । यस गा.वि.स.मा मूख्य रुपमा दनुवार, माझी, दलित, ब्राम्हण, क्षेत्री र अन्य विभिन्न जातिहरुको बसोवास रहेको छ । भौगोलिक रुपमा दुई भागमा विभाजित यो गा.वि.स.का ३ वटा वडाहरु पहाडी भु-धरातलमा अवस्थित छ भने ६ वटा वडाहरु समथर फाँटमा अवस्थित छ ।

सहमतिले यस गा.वि.स.का महिला, किशोरीहरुलाई लक्षित गरी सञ्चालन गरेको कार्यक्रमले गा.वि.स. भित्रका ८७ प्रतिशत घरधुरीका महिलाहरु र युवा तथा किशोरीहरु समेत ९९ प्रतिशत सहकारीमा आवद्ध गराई बचत गर्ने बानीको विकास गरी सहकारी मार्फत स्थानीयस्तरमा १ करोड भन्दा बढीको कारोवार गर्नुका साथै उनीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । आफ्नो पारिवारिक काम, खेतीपाती र चुलोचौको बाहेक बाहिरको संसारको कम अनुभव गर्न पाएका महिला दिदी बहिनीहरु हाल १,७०० जना महिला दिदी बहिनीहरु सहकारीमा शेयर सदस्य भई सीप, क्षमता र सहकारी मार्फत आर्थिक परिवर्तन ल्याउनको साथै गा.वि.स., जि.वि.स. र प्लान नेपालको समेत मन जिति पक्की भवन निर्माणको लागि १६ लाख कोष जम्मा गर्न सफल भएका छन् । आज हाम्रो गा.वि.स.का महिलाहरु जिल्लाकै नमूना सहकारी सञ्चालन गरी आफूले आर्जन गरेको आम्दानीबाट केही खर्चमा कटौती गरी आफू र आफ्ना बालबालिकाको सुन्दर भविष्यका लागि बाल बचत, खुत्रुके बचत र अनिवार्य बचत संकलन गर्ने यसरी बचत भएको रकमलाई शेयर सदस्यहरुको व्यवसाय सञ्चालनका लागि सुलभ दरमा ऋण प्रवाह गरी उल्लेखनीय रुपमा व्यवसाय संचालन गरी आफ्नो आयआर्जन बृद्धि गर्न सफल भएका छन् भने किशोरीहरु संगठित भई विभिन्न कार्यक्रमहरुमा सहभागी हुन सक्नु भएको छ । यस सफलताको श्रेय सहमतिलाई दिन सकिन्छ। सहमतिको उक्त कार्यक्रम महिलाहरुको सहकारी मार्फत आर्थिक उन्नति र महिला शसक्तिकरण गर्ने कार्यक्रम भएता पनि स्थानीय राजनैतिक दल गा.वि.स र स्थानीय प्रतिनिधि बुद्धीजिवी समेतको नजरमा राम्रो र आवश्यक मानिन्छ । सहमति हाम्रो गा.वि.स.मा महिला दिदी बहिनीहरुको क्षमता अभिवृद्धि र आर्थिक प्रगतिका लागि बाटो देखाई दिने श्रवणकुमार भएको छ ।



> **सहमति हाम्रो गा.वि.स.मा महिला दिदी बहिनीहरुको क्षमता अभिवृद्धि र आर्थिक प्रगतिका लागि बाटो देखाई दिने श्रवणकुमार भएको छ ।**

अरुले मलाई के भनेर चिन्छन् मलाई थाहा छैन । म आफूलाई एक सामाजिक कार्यकर्ता भएको महसुस गर्दछु । यस अर्थमा मैले समाजमा घटिरहेका हरेक घटनाहरुलाई सुक्ष्म ढंगले नियाली रहेको छु । सहमतिले सञ्चालन गरेको यो कार्यक्रम हरेक महिलाको मन, मष्तिकमा बस्न किन सफल भयो ? यसको सफलताको श्रेय कसलाई जान्छ ? यस सन्दर्भमा मलाई केही भन्न मन लागेको छ । यस जिल्लामा धेरै संस्थाहरुले नागरिकका हक हितका सवालमा काम गरिरहेका छन के सबै कार्यक्रमको लक्ष्य, उद्देश्य अनुसारको उपलब्धि प्राप्त भएको छ त ? पक्कै पनि छैन । किनभने कुनै पनि संस्थाले कार्यक्रम कार्यान्वयनमा ल्याउँदा योग्य कर्मचारी छनौट, परिचालन र संस्थाको कार्यक्रम कार्यान्वयनमा आवश्यकता अनुसारको नविनतम सोचको आवश्यकता पर्दछ भन्ने लाग्दछ । मलाई थाहा छैन सहमतिको आन्तरिक व्यवस्थापन तर यस संस्थाले छनौट गरी यस गा.वि.स.मा परिचालन गरिएका कर्मचारीले कार्यक्रमको लक्ष्य, उद्देश्य अनुसारको उपलब्धी हाँसिल गर्न अन्यन्त लगनशील, कर्तव्यनिष्ठ र इमान्दारपूर्वक जिम्मेबारी बहन तथा संस्थाको बेलाबखतको निरन्तर अनुगमनले नै यो कार्यक्रम सफल भएको भन्ने लाग्दछ ।

अन्तमाः प्लान नेपालको कार्यक्रम सहयोग मार्फत सहमति संस्थाले यस हतपते गा.वि.स.का महिलाहरुको शसक्तिकरणका क्षेत्रमा हालसम्म गरेका गतिविधिहरुप्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि यस संस्थाले यस क्षेत्र लगायत देशका अन्य स्थानहरुमा पनि आर्थिक, सामाजिक, राजनितिक र राज्यका हरेक तहमा सहभागिताबाट बञ्चित भएका दलित, आदिवासी जनजाति र विपन्न वर्गका महिलाहरुको क्षेत्रमा अझ नविनतम कार्यक्रम सञ्चालन गर्न सफल भई सबै नेपालीको मन, मुटु र मष्तिस्कमा बस्न सफल होस शुभकामना ।

# सहमतिप्रति

✍ बिप्लब अधिकारी
कृषि प्रसार अधिकृत, जिल्ला कृषि विकास कार्यालय, बागलुङ



नेपाल कृषि प्रधान देश जहाँ ६५ प्रतिशत जनता कृषिमा निर्भर छन् । देशको कुल ग्राहस्थ उत्पादनको ३५ प्रतिशत कृषि क्षेत्रले ओगटेको छ । कृषि उत्पादनलाई अझ बढी व्यवसायिकता गराउन र देशको खाद्य सुरक्षा तथा खाद्य संप्रभुतालाई दीगो र सम्बृद्ध राख्न कृषकको निर्वाहमूखी कृषि प्रणालीलाई अझ व्यवसायिक गर्न आवश्यक देखिन्छ ।

कृषि विकासमा आधुनिक प्रविधि, उन्नत जातको प्रयोग, उन्नत प्रविधि प्रसार कृषकले अनुसरण गरेमा र बजारको व्यवस्थापन भएमा कृषकवर्गको आय आर्जन बृद्धिमा सहयोग पुग्ने छ । यस्ता आधुनिक प्रविधि प्रशारण तथा बजारीकरण, ठाउँ अनुसारको बाली छनौट र खेतीको व्यापकतामा कृषकको पहुँच भएमा कृषि क्षेत्रको दीगो विकास हुन सक्छ ।

उल्लेखित कार्यहरु सरकारले मात्र समेट्न नसकीरहेको परिप्रेक्षमा देशमा विभिन्न गैर सरकारी संस्थाहरुले कृषि क्षेत्रको विकासमा सहयोगी भूमिका निर्वाह गर्दै आएको सर्वविदितै छ । यसै सन्दर्भमा बागलुङ र म्याग्दी जिल्लाका १८ गाविसमा सहमति संस्थाले प्लान नेपालको साझेदारीमा विभिन्न समूह बनाउन सहजीकरण गरी लक्षित वर्गलाई सहकारीमा आवद्ध गराउन उल्लेखनीय भुमिका निर्वाह गरेको छ । दलित, अपाङ्गता भएका परिवार र एकल महिलालाई कार्यक्रमले लक्षित वर्गको रुपमा राखेको पाइन्छ । यसरी सहकारीमा आवद्ध सदस्यहरुलाई आयआर्जनमा बृद्धि गर्न लघु वित्त परिचालन, व्यवसायमा आधारित विभिन्न कृषिका क्रियाकलापहरु संचालन गर्न सहमति संस्थाले उल्लेखनीय भूमिका खेलिरहेको पाइन्छ ।

भेदभावमा परेका/पारिएका महिला, बालबच्चा, अपाङ्गता भएका व्यक्ति तथा तीनका परिवार र एकल महिलाहरुको जीवनस्तरमा सुधार ल्याउन तथा स्वाभिमानी नागरीक बनाउन सहमतिले सहयोग पुर्‍याउने छ साथै बागलुङ जिल्लाको दीगो कृषि विकासमा सहयोगी भूमिका खेल्ने आशा व्यक्त गर्न चाहन्छु ।

# सहमति र जौवारी गाविसको कार्यालय एक अनभुव

✍ महेन्द्र पौडेल
गाविस सचिव, जौवारी गाविसको कार्यालय



नेपाल एक कृषि प्रदान देश हो । भौगोलिक अवस्था, हावापानी आदिले विभिन्न स्थानमा उत्पादन हुने कृषि बाली तथा फलफूलको प्रकृति फरक फरक पाइन्छ । नवलपरासी जिल्लाको पहाडी गाविसहरु जौवारी, नरम, रुचाङ्ग, अर्खला, डाँडाझेरी आदि गाविसहरु सुन्तला तथा अदुवा खेतीको राम्रो सम्भावना रहेको छ । यसै सन्दर्भमा सहमति संस्थाले लुथरन वर्ल्ड रिलिफको आर्थिक सहयोगमा अमिला जातका फलफूल बजार प्रवर्द्धन कार्यक्रम नवलपरासी जिल्लाको पहाडी भेगका ५ वटा गाविसमा सञ्चालन भएको र जौवारी गाविस यस कार्यक्रमले समेटेको हुँदा मैले यस कार्यक्रमलाई चिन्ने मौका पाएँ ।

विगतका वर्षहरुमा सुन्तला कृषकहरुले उन्नत सुन्तला खेती प्रविधि, बजार व्यवस्थापन, रोग कीरा नियन्त्रण सम्बन्धी ज्ञान नहुँदा समस्याहरु भोग्नु परेको र हाल आएर विभिन्न विषयहरुमा प्रदान गरेको तालिमहरुले कृषकहरुको क्षमता अभिवृद्धि भएको देखिन्छ । सहमति संस्थाले CMDP कार्यक्रमबाट विभिन्न कृषि सामाग्रीहरु वितरण गरेको र सो को उचित प्रयोगले सुन्तला उत्पादनमा सकारात्मक प्रभाव पारेको देखिन्छ । यसैगरी सुन्तला भण्डारण गरेर ५०-५५ दिनपछि बेच्न सके सुन्तलाले राम्रो मूल्य पाउने उद्देश्यले सहमति संस्थाले यस जौवारी गाविसमा समुदायको प्रत्यक्ष सहभागीतामा ५ वटा शुन्यशक्ति सुन्तला भण्डारण निर्माण गरेको छ र सो कार्यबाट सुन्तला कृषकले आगामी दिनहरुमा अवश्य नै लाभ लिने छन् भन्ने आशा लिएको छु ।

जौवारी गाविसमा ३०-४० वर्ष पुरानो सुन्तला बोट रहेको बोटको संख्यामा उल्लेखनीय वृद्धि हुन नसकेको र रोग कीराहरुले पनि फलहरुमा आक्रमण गर्दै जाँदा ती समस्याहरुलाई उचित रुपमा प्राविधिक हिसाबले सम्बोधन गर्न सहयोग पुर्‍याएको यस संस्थाले अनुकरणीय काम गरेको छ । सुन्तलाका बेर्ना वितरण, सिञ्चाई आयोजनामा सहयोग (जौवारी-राईकोटमा) जस्ता सहयोगले आगामी दिनमा सुन्तलाको उत्पादनमा वृद्धि भई कृषकहरुको आम्दानीमा पनि वृद्धि हुने आशा लिएको छु । जौवारी गाविसको कार्यालय र सहमति संस्था बीच निरन्तर कार्यगत सहकार्य रही आएको छ । यस गाविसले पनि कृषि क्षेत्रमा सहयोग पुर्‍याउँदै आएकोमा सहकारी मार्फत जेटिए नियुक्तिमा Mutual Fund प्रयोग गरिएको र अन्य कार्यक्रमहरु पनि आपसी सहकार्यमा हुँदै आएको छ । समुदायको प्रत्यक्ष सहभागीतामा समुदायको विकासमा सहयोग गर्ने यस्ता कार्यक्रमलाई जौवारी गाविसको कार्यालयबाट निरन्तर रुपमा सहयोग पुग्नेछ र आगामी दिनहरुमा पनि सहमति संस्थाबाट यस्ता खालका कार्यक्रमहरु निरन्तर रुपमा यस गाविसमा सञ्चालन हुनेछ भन्ने कुरामा विश्वस्त छु ।

# सहमति समुन्नति कार्यक्रमको सहकारीमा पारेको प्रभाव

✍ कमलप्रसाद पोखरेल
सहकारी निरीक्षक, डिभिजन सहकारी कार्यालय, नवलपरासी



ग्रामीण स्वावलम्बन प्रयासहरुको प्रवर्द्धन (समुन्नति) कार्यक्रम अक्सफामसंगको साझेदारीमा सहमति गैंडाकोटद्वारा संचालित कार्यक्रम हो । यस कार्यक्रमले नवलपरासी जिल्लाका ८ गा.वि.स.हरु– मुकुन्दपुर, अर्खला, जौवारी, भारतीपुर, नरम, रुचाङ, मिथुकरम र बुलिङटारलाई प्रत्यक्ष रुपमा समेटेको छ । यस कार्यक्रमको मूल लक्ष्य लक्षित समुदायमा सामुदायिक सशक्तिकरण को माध्यमद्वारा संकटासन्नता न्युनिकरण गर्दै गुणस्तरीय र दीगो जीविकोपार्जनमा सहयोग पुऱ्याउनु रहेको छ ।

सहमति/समुन्नति कार्यक्रम नवलपरासी जिल्लाको अतिरिक्त कपिलवस्तु जिल्लामा समेत संचालनमा रहेको थियो । समुन्नति कार्यक्रमको माध्यमबाट जिल्लाका पिछडिएका गा.वि.स.हरुमा समुहहरुद्वारा व्यवसायिक कृषि, पशुपालन तथा वर्षैभरी तरकारी खेती गरी आयआर्जनमा सहयोग गर्दै आइरहेको छ । यसका साथै गा.वि.स.हरुमा कृषि एवं पशु प्राविधिकहरु नियुक्ति गरी समुदायमा सरल र सहज रुपमा कृषि बिउबिजन तथा कृषि सामाग्रीहरुको पहुँच पुऱ्याउनुका अतिरिक्त प्राविधिकहरुद्वारा पशु व्यवसाय संचालन गर्नका लागि कुखुराका चल्ला एवं बंगुरका पाठापाठी समेत वितरण गर्दै आइरहेको देखिन्छ । यसका साथै विभिन्न महिला समूहहरु बनाइ त्यसैका माध्यमद्वारा उक्त समूहहरुलाई सहकारीमा आवद्ध गराई संकटासन्न समुदायको जिवनस्तर सुधार गर्नमा जोड दिएको देखिन्छ । सहकारीको माध्यमबाट समेत कृषक सदस्यहरुलाई कृषि बीउबिजन र अन्य कृषि सामाग्रीहरुको पहुँच पुऱ्याउने कामको सुरुवात भएको देखिन्छ ।आफ्ना कार्यक्षेत्रका कृषक एवं महिला समुहहरुमा करेसाबारी प्रवर्द्धनमा विशेष जोड दिएकोले बालबालिकाहरु सामुदायिक स्वास्थ्यमा समेत सकरात्मक सुधार भएको देखिन्छ ।सहकारी संस्थाहरुको संस्थागत क्षमता सुधार्न महिलाहरुको योगदान र भूमिका महत्पूर्ण हुने हुँदा यसै कार्यक्रमद्वारा महिला सशक्तिकरणमा समेत प्रभाव परेको देखिन्छ । यस कार्यक्रमले प्रत्यक्ष रुपमा करिब २०० ओटा समुह एवं ५ ओटा सहकारीमार्फत करिब २ करोड रकम संकलन भई यसको परिचालन भएको देखिन्छ । यस कार्यक्रम मार्फत स्थानीयस्तरमा सहकारी शिक्षाको माध्यमद्वारा सहकारीको आर्थिक, सामाजिक एवं व्यवसायिक विकासमा उल्लेख्य प्रभाव पारेको देखिन्छ ।यस कार्यक्रमले सहकारी संस्थाहरुको व्यवस्थापन क्षमता, पारदर्शिता तथा सुरक्षा प्रतिको विश्वास सदस्यहरुमा बढ्न गई सहकारीमा पूँजी वृद्धिमा समेत मद्त पुगेको देखिन्छ । यस कार्यक्रमको माध्यमबाट नवलपरासी जिल्लाका करिब ३१६२ घरधुरी, ३३७४ महिला, १९८ पुरुष गरी जम्मा ३५७२, दलित ४९८,जनजाती २७२०, ब्राह्मण/क्षेत्री तथा अन्य ३५४ लाभान्वित भएको देखिन्छ ।

यसै गरी समुन्नति कार्यक्रमले ग्रामीण युवा सूचना केन्द्र स्थापना गरी ग्रामीण स्तरका युवाहरुलाई सूचना एवं संचारको माध्यमद्वारा शिक्षित एवं जागरुक बनाई आयआर्जनमा लाग्न समेत प्रेरणा प्रदान गरी जीवनस्तर सुधार गर्नमा सहयोग पुऱ्याएको पाइन्छ । यसबाट युवाहरुले समेत सहकारीका माध्यमद्वारा सहकार्य गर्दै सबै जनतालाई सहकारीमा आबद्ध हुनका लागि प्रेरणा प्रदान गर्न सक्दछन । सहकारी समेत एउटा व्यवसाय भएकोले यसै कार्यक्रमका माध्यमद्वारा सम्पुर्ण ग्रामीण संकटासन्न जनतालाई सहकारीमा आवद्ध गराई ग्रामिण बेरोजगारी कम गर्नमा समेत यस कार्यक्रमले मद्धत गर्ने देखिन्छ ।

अन्त्यमा यस कार्यक्रमले स्थानीयस्तरमा रहेका सरकारी निकायहरु र समुदाय बिचमा अर्न्तक्रियात्मक कार्यक्रमका माध्यमबाट लक्षित बर्ग एवं समुदायहरुलाई समन्वय गरी अझ बढी सशक्त एवं प्रभावकारी रुपमा अगाडी बढाएमा राम्रो हुने देखिन्छ । यसका साथै प्रत्येक गा.वि.स. हरुमा रहेका सहकारी संस्थाहरुलाई सहकारी नीति नियमहरुको आत्मसात् गर्दै विषय र प्रकृति अनुसार मेलखाने सहकारी संस्थाहरुलाई एकीकरण गर्दै एक गाउँ एक सहकारीको नीतिलाई अवलम्बन गनुपर्ने देखिन्छ । यस कार्यक्रमका उद्देश्यहरुलाई पूरा गर्न बढी भन्दा बढी संकटासन्न समुदाय एवं वर्गलाई सकरात्मक प्रभाव पार्ने तथा प्रत्यक्ष रुपमा समुदायमा दीगो विकास र जीविकोपार्जनमा सशक्त प्रभाव पार्न सकोस भन्ने अपेक्षा गरीन्छ । ❁❁❁

## भद्रकाली .......

सहकारीको गन्तव्य स्थान बन्नाले यहाँको हरेक क्षेत्रको विकासको ढोका खुलेको छ भने भद्रकालीका महिला दिदीबहिनीहरु सहकारीबाट ऋण लिई आय आर्जन गरी आफ्नो जीवनस्तरलाई नै परिवर्तन गरेर सुखी र खुशी देखिन्छन् । प्लान नेपालको सहयोगमा बन्दै गरेको पक्की भवन, कम्प्युटर प्रविधिबाट हिसाब किताब अनि महिला दिदीबहिनीहरुको निरन्तर मेहनतका कारणले यो सहकारी निकट भविष्यमै देशको सफल सहकारी बन्न सक्ने विश्वास गर्न सकिन्छ ।

सुनेको थिएँ सहमति नेपालको राम्रो गैरसरकारी संस्था हो, साँच्चै आज पूर्ण विश्वास लागेको छ । "गर्ने भन्दा गराउने नै ठूलो" रहेछ । यस संस्थाको काम गर्ने फरक तरिकाले समुदायभित्र सबै दिदीबहिनीहरुको मनमा बस्न सफल छ भने अन्य सरोकारवालाहरुको आँखामा पनि नबिझाउने संस्थाको रुपमा परिचित छ । सहकारी मार्फत यस गाविसमा प्लान नेपाल र सहमति लगायत धेरै संस्थाहरुको सहयोगबाट आएको परिवर्तनलाई भद्रकालीबासीले कहिल्यै भुल्न सक्दैनन् । सहमति सहित सबै संस्थाहरुको सहयोगप्रति धन्यवाद साथै समुदाय र मानवता विकासको बाँकी यात्रा अझ सफल रहोस् हार्दिक शुभकामना । ❁❁❁

# ग्रामीण क्षेत्रको विकासमा सहमति

✍ विजय ढकाल
पशु सेवा प्राविधिक, जिल्ला पशु सेवा कार्यालय, नवलपरासी

नवलपरासी जिल्ला भौगोलिक रुपले तीन क्षेत्रमा विभाजित रहेको छ । पहाड, तराई र भित्री मधेस । त्यसैले यस जिल्लालाई तीन तले जिल्लाको रुपमा चिनिन्छ । नवलपरासी जिल्लाको १७ वटा गाविसहरु पहाडी क्षेत्रमा पर्दछन् । यिनै पहाडी गाविसहरुमध्ये ६ वटा गाविसमा सहमति संस्थाद्वारा सञ्चालन गरिएको ग्रामीण युवा विकास कार्यक्रमले विगत सन् २००८ देखि निरन्तर ४ वटा गाविस (गैंडाकोट, रतनपुर, कोटथर र डाँडाझेरी) र सन् २०१४ देखि थप २ गाविस (बुलिङ्टार र अर्खला) मा संस्थागत विकास, आयआर्जन र सुरक्षित आप्रवासन सम्बन्धी तीनवटा विषयवस्तुहरुलाई आधार बनाएर विभिन्न कार्यक्रमहरु सञ्चालित छन् ।

सहमति, ग्रामीण युवा विकास कार्यक्रमले समेटेका ६ वटा पहाडी गाविसहरु विकासको दृष्टिकोणमा भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी, गाँस, वास र कपास लगायतका क्षेत्रमा पछाडी रहेको अवस्था छ । जुन मानिसका नैसर्गिक अधिकार हुन् । जसको अभावमा मानिसले कुनै पनि परिकल्पना गर्न सक्दैन । अर्कोतिर नेपाल सरकारले पनि नैसर्गिक अधिकार उपलव्ध गराउन विभिन्न कार्यक्रमहरु सञ्चालन नगरेको पनि होइन तर प्रत्येक गाविसमा कर्मचारीको पहुँच पुऱ्याउन नसक्नु, एकजना पशुसेवा प्राविधिक कर्मचारीले ५ भन्दा बढी गाविसभरी सेवा पुऱ्याउनु पर्ने बाध्यताले पनि प्रत्येक गाउँ, टोलवासीहरुमा सरकारी निकायको सेवा नपुगको पक्कै पनि हो । यसरी सरकारी निकायको पहुँच नपुगेको स्थानमा सहमति संस्था जस्ता अन्य गैससहरुको पहुँचले ग्रामीण क्षेत्रमा बसोबास गर्ने समुदायलाई अत्यन्त फाइदा पुगको देखिएको छ ।

सहमति ग्रामीण युवा विकास कार्यक्रमले भौगोलिक रुपले विकट, राज्यको मूल प्रवाहबाट टाढा रहेका महिला, दलित, अपाङ्गता भएका सीमान्तकृत समुदायको क्षमता र पहुँचका लागि गरेका क्रियाकलापहरु जस्तै तरकारी खेती, बाख्रापालन, बंगुरपालन, सीपमूलक तालिम, छात्रवृत्ति, चेतनामूलक जस्ता क्रियाकलापले अझ बढी योगदान पुऱ्याएको छ । त्यस्तैगरी कोटथर तथा डाँडाझेरी गाविसमा रहेका सहकारीहरु विलिन अवस्थामा पुगिसकेकालाई व्यवस्थापन गर्दै व्यक्ति, समूहबाट बचत संकलन गर्दै स्थानीय बैंकको रुपमा स्थापित गराउनु महत्वपूर्ण कार्य मान्नुपर्छ । जसबाट स-सानो ऋणका लागि साहुमहाजन कहाँ गएर चर्को ब्याज तिरेर लिनुपर्ने बाध्यताबाट मुक्ति पाएका छन् यस क्षेत्रका समुदायहरुले ।

वर्तमान समयमा बढी कमाउने आशाले वैदेशिक रोजगारका लागि विदेसिनेक्रम दिनदिनै बढ्दै गइरहेको छ । तर वैदेशिक रोजगारमा जाँदा जान्नैपर्ने कुराहरुको बारेमा ज्ञान नहुँदा विदेशको भूमिमा गएर



धेरै युवाहरु बिचल्लीमा परिरहेका छन् । विदेश जाने युवाहरु विदेशमा गएर बिचल्ली वा जोखिममा नपरुन् वैदेशिक मामिला बारे जानकारी प्राप्त गरुन भन्ने अभिप्रायले स्थापना गरिएको युवा सूचना केन्द्रबाट ग्रामीण क्षेत्रमा विदेश जाने युवाहरुलाई मिलेको सफलतालाई अर्को मूख्य उपलव्धीको रुपमा लिन सकिन्छ ।

त्यस्तै कृषि तथा पशुपालन गरी दैनिक जीवनयापन सहज गराउने उद्देश्यकासाथ मौषमी तथा वेमौषमी तरकारी, फलफूल खेती तालिम, विउविजन तथा विरुवाहरु वितरण जस्ता गतिविधिहरुले पनि त्यस क्षेत्रका समुदायलाई आयआर्जनमा फाइदा पुऱ्याइरहेको छ । पशुपालनको क्षेत्रमा व्यवसायिक बाख्रापालन, बंगुरपालन तालिम, सुधारिएको खोरबाट बंगुरपालन तथा बाख्रापालन व्यवसाय, उन्नत नश्लको बोका सहयोग, पशु स्वास्थ्य शिविर, सुधारिएको खोर निर्माणमा सिमेन्ट सामाग्री सहयोगबाट परम्परागत पालन प्रणालीबाट आधुनिकिकरण गर्दै कृषि क्षेत्रमा युवाहरुको आकर्षण बढाउने खालका कार्यक्रमहरु सञ्चालन जसबाट ग्रामीण समुदायको आयस्तरमा वृद्धि हुनुका साथै उनीहरुको जीवनस्तरमा समेत आमूल परिवर्तन आएको देखिन्छ । जिल्ला पशुसेवा कार्यालय नवलपरासीले ग्रामीण युवा विकास कार्यक्रमसँग सहकार्य गरेर विभिन्न उन्नत जातका घाँसका बीउ वितरण, पशु सम्बन्धी तालिमहरु, पशु शिविर लगायतका कार्यक्रमहरु पनि गरिरहेको छ । आगामी दिनहरुमा पनि पशु सेवा कार्यालय लगायत जिल्ला कृषि विकास कार्यालय, जिविस, गैरसरकारी संस्थाहरुसँग समन्वय गर्दै तरकारी उत्पादन पकेट क्षेत्र, त्यसको बजारीकरण, गोठसुधार र साना सिञ्चाई, पानीको स्रोत नभएकामा थोपा सिंचाईको बिस्तार, जडिवुटी प्रशोधन तथा बजारीकरणमा विस्तार गर्न सकेमा यस क्षेत्रको विकासमा उल्लेख्य सहयोग पुग्ने निश्चित छ ।

आफ्नो गाउँको विकास आफैले गर्नुपर्छ भन्ने मान्यता लिएर सहमतिको सहयोगबाट स्थापना भएका स्थानीय गैससहरु जस्तै सृजनशील सामुदायिक विकास मञ्च-रतनपुर, जीवनज्योती सामाजिक विकास मञ्च-कोटथर र जनसेवा विकास केन्द्र-डाँडाझेरीबाट गरिएका कार्यक्रमहरुले पनि अझ बढी उल्लेख्य प्रभाव पारेको देखिन्छ । जसले ग्रामीण क्षेत्रमा देखिएका समस्याहरुलाई पहिचान गरी समाधान गर्न अझ फलदायी भएको देखिन्छ ।

अन्तमा सहमति संस्थाले ग्रामीण क्षेत्रको विकासमा पुऱ्याएको योगदानको कदर गर्दै आगामी दिनहरुमा पनि जिल्ला पशु सेवा कार्यालयसँग संस्थाको सम्बन्ध नङ र मासुको जस्तै रहोस् भन्दै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं । ❁❁❁

# गैरसरकारी संस्था र विकास

✍ मोहनराज ज्ञवाली
कार्यक्रम अधिकृत, जिल्ला विकास समितिको कार्यालय, नवलपरासी

सामान्यतया गैसस भन्नाले नाफारहित उद्देश्यले व्यापक सामाजिक हितको लागि स्थापना भएका सरकार भन्दा पृथकरुपमा रहेका संस्थालाई बुझिन्छ । गैरसरकारी संस्थाहरुको छुट्टै कानूनी हैसियत रहेको हुन्छ । यस्ता संस्थाहरु प्रत्येक देशका राष्ट्रिय कानून अनुसार स्थापना, दर्ता र संचालन हुने गर्दछन ।

नेपालमा संस्था दर्ता ऐन २०३४ अनुसार गैरसरकारी संस्थाको दर्ता हुन्छन । उक्त ऐन अनुसार संस्था भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सास्कृतिक, वैज्ञानिक, शैक्षिक, वौद्धिक, सैद्धान्तिक, शारिरीक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं बिस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था,क्लव, परिषद,अध्ययन केन्द्र आदिलाई सम्झनु पर्ने र सो शव्दले मैत्री संघ समेतलाई जनाउने व्यवस्था गरेको छ । दर्ता पश्चात् उक्त संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुने र स्थानीय अधिकारीद्वारा स्वीकृत विधान वमोजिम संस्था संचालन हुने गर्दछ ।

विकास सम्बन्धी नवीनतम अवधारणाको विकास, सरकारको नियामक तथा सहजकर्ताको भूमिकाका साथै गैरसरकारी संस्थाहरुको संख्यामा भएको वढोत्तरीसगै विकासमा गैरसरकारी संस्थाहरुको भूमिकामा समेत वृद्धि भइरहेको पाइन्छ । नेपालको सन्दर्भमा हेर्ने हो भने प्राचिन कालदेखि नै गुठी, ढिकुर, पाटी पौवा, कुवा, चौतारी, धर्मशाला जस्ता प्रथाहरुमार्फत विभिन्न सामाजिक कार्यहरु भएको पाइन्छ ।औपचारीक रुपमा सन् १९२६ मा तुलसी मेयर श्रेष्ठद्वारा चर्खा प्रचारक गुठीको स्थापनासगै गैरसरकारी संस्थाको विकास शुरु भएको हो ।त्यस्तै परोपकार संस्था, नेपाल परिवार नियोजन संघजस्ता विभिन्न संस्थाहरु स्थापना भए । हाल समुदायमा आधारित सामुदायिक संस्थाहरु देखि अन्तर्राष्ट्रियस्तरसम्मका संस्थाहरुले गैरसरकारी संस्थाका रुपमा स्थापना भई विभिन्न विकासमूखी क्रियाकलापहरु संचालन गरिरहेको पाइन्छ ।

वि.सं. २०१६ सालमा संस्था रजिष्ट्रेशन ऐन, २०१८ सालमा राष्ट्रिय निर्देशन ऐन,२०३४ मा संस्था दर्ता ऐन एवं २०५५ को स्थानीय स्वायत्त शासन ऐनले गैरसरकारी संस्थाहरुको कानूनी आधार तय गरेको पाइन्छ । त्यस्तै नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ अन्तर्गत धारा १२ को उपधारा ३ को खण्ड (ग) ले सोही उपधारा ३ को प्रतिवन्धात्मक वाक्यांशकोल खण्ड ३ को अधिनमा रहि प्रत्येक नागरिकलाई संघ संस्था खोल्ने स्वतन्त्रता समेत प्रदान गरेको छ । स्थानीय विकासमा संचालन हुने विकास गतिविधिहरुमा सरकारी र गैरसरकारी निकायहरुबीच परिपूरक र परिपोषक समन्वय कायम गर्दै लगानीमा दोहोरापना नहुने गरी कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था स्थानीय स्वायत्त शासन ऐन र तत् सम्वन्धी नियमावली तथा कार्यविधिहरुद्वारा गरिएको छ । जिल्लामा संचालन हुने विकास कार्यक्रमहरुको एकीकृत जिल्ला विकास योजना तयार गर्ने, कार्यक्रम कार्यान्वयनमा समन्वय गर्ने तथा अनुगमन गर्ने कार्यमा जिल्ला विकास समितिले सहजीकरण गर्ने गर्दछ ।



पछिल्लो समयमा गैरसरकारी संस्थावाट संचालन हुने कार्यक्रम तथा परियोजनाहरु सामाजिक परिचालनका माध्यमबाट सामुदायिक सशक्तिकरण, क्षमता विकास,सामुदायिक पूँजी निर्माणजस्ता क्रियाकलापमा बढी मात्रामा केन्द्रित भएको पाईन्छ ।शिक्षा, स्वास्थ्य, सामुदायिक विकास, विपद् व्यवस्थापन, सामाजिक परिचालन, पिछडिएको समुदायको सशक्तिकरण, जीविकोपार्जन सुधार तथा जनचेतना अभिवृद्धि गर्ने विविध कार्यक्रमहरुमार्फत गैरसरकारी संस्थाहरुले विकासमा टेवा पुऱ्याइरहेका छन । विभिन्न दातृ निकायहरुको सहयोग तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको साझेदारीमा राष्ट्रिय गैरसरकारी संस्थाहरुमार्फत यस प्रकारका कार्यक्रमहरु संचालन भई रहेका छन ।जुन कार्यक्रमहरुले जिल्लास्तरमा आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य, विभिन्न विषयगत तथा क्षेत्रगत योजनाहरुले लिएका लक्ष्य हाँसिल गर्नमा ईटा थप्ने कार्य गर्नुका साथै सामाजिक परिचालनका माध्यमवाट विभिन्न विकास कार्य संचालनमा सामुदायिक आधार तयार गर्न मद्दत गर्दछन ।जस्का लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासंगको साझेदारीका अतिरिक्त नेपाल सरकारको साझेदारको रुपमा समेत कार्य गरिरहेका छन ।

समग्र राष्ट्रिय विकासमा टेवा पुऱ्याउने गरी विविध क्रियाकलापहरु संचालन गर्दा गर्दै पनि गैरसरकारी संस्थाहरुद्वारा संचालित विकास क्रियाकलाप तथा ती संस्थाका अन्य गतिविधिका सम्बन्धमा विद्यमान समयमा विभिन्न सवालहरु उठ्ने गरेको पाइन्छ । गैरसरकारी संस्थाहरुले स्थानीय तहमा कस्को प्रतिनिधित्व गर्दछन र यिनीहरुको शासनमा कहाँनेर भूमिका रहन्छ, गैरसरकारी संस्थालाई कस्ले कसरी कुन तहमा र कुन प्रक्रियाले समन्वय गर्ने तथा उनीहरु कुन तहमा को प्रति जवाफदेही रहने भन्ने कुराको स्पष्टता नहुनाले पनि यस्ता सवालहरु उब्जाएको पाइन्छ । विशेषात: गैरसरकारी संस्थाहरु जनताहरुप्रति भन्दा वढी दाताहरुप्रति उत्तरदायी हुने गरेको, कार्यक्रम संचालनमा पारदर्शिता कायम हुन नसकेको, मागमा आधारित कार्यक्रम भन्दा आपूर्तिमा आधारित कार्यक्रम मात्र संचालन गरेको, विशिष्टीकरणको साटो सामान्यीकरण हुँदै गएको, क्रियाकलापमा गुणस्तर कायम गर्न नसक्नु, अन्तर निकायगत समन्वय कमजोर रहनु, नतिजामा आधारित क्रियाकलापको (बाँकी ११ औं पेजमा)

# जैविक खेतीप्रणाली र कृषि विकास कार्यालय तथा सहयोगी संघसंस्थाको भूमिका

✍ घनश्याम कार्की
बाली संरक्षण अधिकृत, जिल्ला कृषि विकास कार्यालय, म्याग्दी

नेपालमा गरिबी निवारण गर्न राष्ट्रिय लक्ष्य हाँसिल गर्न बहुसंख्यक जनताको जीविकोपार्जनको प्रमुख श्रोतको रुपमा रहेको कृषि क्षेत्रको व्यवसायिकरण तथा औद्योगिकरणका लागि कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न अति जरुरी छ । हाल नेपालमा ६६ प्रतिशत जनसंख्या कृषिमा आवद्ध छन् भने ७५ प्रतिशतभन्दा बढी जनसंख्या परम्परागत कृषिप्रणालीबाट खेती गर्दै आइरहेका छन् । कृषिक्षेत्रले ३६ प्रतिशत ग्राहस्थ उत्पादनमा सहयोग पुर्‍याएको छ । त्यसकारण परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण र व्यवसायिकरण गरी कृषकको आर्थिक स्थिति बलियो बनाउन जरुरी देखिन्छ ।

बाली बिरुवामा हानीकारक रोग, कीरा, झारपात, मुसा आदिबाट हुने नोक्सानीलाई न्यूनिकरण गर्न बाली संरक्षण कार्यक्रमको महत्वपूर्ण भूमिका रहन्छ । दीर्घकालीन कृषियोजना, त्रिवर्षिय अन्तरिम योजनामा एकीकृत शत्रुजीव व्यवस्थापन (IPM) कार्यक्रमलाई बालीसंरक्षणको केन्द्रविन्दुको रुपमा लिइएको छ । यस्तै गरी कृषकलाई दक्ष बनाउन स्वस्थ बाली उत्पादन गर्न, रासायनिक विषादिमा न्यूनिकरण गर्न यस म्याग्दी जिल्लामा समेत एकीकृत् शत्रुजीव व्यवस्थापन (IPM) कार्यक्रम कृषकको घरखेतमा समेत सहजै पुर्‍याउन जरुरी देखिन्छ ।

यस म्याग्दी जिल्लामा रासायनिक विषादिको पहुँच कमी नै छ । जबकी १ नगरपालिका ३५ गाविस रहेको यस जिल्लामा सदरमुकाममा २ वटा र सदरमुकाम बाहिर २ गरी जम्मा ४ वटा एग्रोभेट रहेको कारण सदरमुकामदेखि निकै टाढाका गाविसहरु गुर्जाखानी, मुदी, लुलांग, ओखरबोट, मल्कबांग, शिख, घार, राम्चे, चिमखोला, दग्नाम आदि गाविसहरुमा प्राय रासायनिक विषादिको पहुँच नभएका कारण परम्परागत जैविक विषादिहरु जस्तैः तोरीको पिना, काती, खरानी, टिमुर, बोझ्नो, खुर्सानीको धुलो, केतुकी, सिस्नोपानी, गाईको गहुँत, खिर्रो, बकाईनो आदिबाट पनि भण्डारणमा लाग्ने कीरा, लाही, रातो कमिला, धमिरा आदिलाई केही कम पार्नसकिने र घरमै बनाउन सकिने हुँदा पैसाको पनि बचत र मानव स्वास्थ्य दिगो असर पुर्‍याउने रासायनिक विषादिको प्रयोग पनि निकै छ ।

यस जिल्लामा जिल्ला कृषि विकास कार्यालय म्याग्दीको आर्थिक वर्ष ०६९/०७० को वार्षिक विषादी खपतको तथ्यांकबाट प्रतिहेक्टर ८९ ग्राम विषादि प्रयोगले पनि म्याग्दी जिल्लामा रासायनिक विषादि सारै न्यून प्रयोग हुँदै आइरहेको छ । अति दुर्गम गाविस रहेको यस जिल्लामा विषादिको पहुँच नहुनुको कारणले पनि रासायनिक विषादीको भन्दा जैविक विषादी बढी प्रयोग भएको अन्दाज गर्न सकिन्छ । यसै सन्दर्भमा सहमति र प्लान नेपालको साझेदारीमा जिल्लामा सञ्चालित किशोरी शक्ति परियोजनाले कृषिमा व्यवसायिकरण ल्याउन कृषकहरुलाई सहयोग गर्दै आएको, कृषि गतिविधिलाई सहकारीका माध्यमबाट संस्थागत गराउन कोशिस गरिरहेको हुँदा यस्तो कार्यलाई आगामी दिनमा पनि निरन्तरता दिँदै अगाडि जानुपर्ने देखिन्छ । जिल्ला कृषि विकास कार्यालय म्याग्दी र सहमति म्याग्दीले आगामी दिनमा एकआपसको सहकार्य अझ सुदृढ पार्दै कृषकहरुलाई जागरुक बनाउँदै जैविक विषादिलाई बढावा दिई जैविक विषादि र रासायनिक विषादिको प्रयोग गर्ने तरिका, विषादि छरेपछि बाली खानमिल्ने समयजस्ता कुराहरुलाई तालिम, भ्रमण र होर्डिंग बोर्डको माध्यमबाट पनि प्रचारप्रसार गर्नसके अझ प्रभावकारी हुने देखिन्छ ।



साथै सहकार्यकै माध्यमबाट समुद्री सतहदेखि ७९२ मिटरदेखि लिएर ८१६७ मिटरको उचाइमा रहेको यस जिल्लामा विभिन्न किसिमको हावापानी भएकोले बेमौसमी तरकारी, मौरीपालन, च्याउ उत्पादन, तरकारी बीउमा बढी जोड दिनसके कृषकहरुको आयस्तरमा वृद्धि हुने देखिन्छ ।

अन्तमा जिल्ला कृषि विकास कार्यालय म्याग्दी र सहमति म्याग्दी एकआपसमा हातेमालो गर्दै कृषि विकास कार्यालयको पहुँच पुग्नसकेका गाविसहरुमा समेत यो सहमति संस्थाको पहुँच पुगी कृषकहरुको आयस्तरमा वृद्धि हुने र समूहलाई सहकारीमा रुपान्तरण गर्दै कृषक आत्मनिर्भर बन्नेछन् भन्ने विश्वास लिइएको छ । ❁❁❁

## गैरसरकारी ......

साटो प्रक्रियामुखि क्रियाकलापले बढावा पाउनु जस्ता विविध सवालहरु गैरसरकारी संस्थाका गतिविधिका सन्दर्भमा उठ्ने गरेका छन ।

उल्लेखित सवालहरुकाबीच विकास प्रशासनको नविनतम मान्यता अनुरुप विकास साझेदारका रुपमा गैरसरकारी संस्थाको विकल्प भने देखा परेको पाइँदैन । यसलाई अझ बढी व्यवस्थित, प्रभावकारी र नतिजामुखी वनाउन के गर्नु पर्दछ त ? यो नै अहिलेको मूल प्रश्न हो । विभिन्न सवालहरुकाबीच विकासमा गैरसरकारी संस्थाहरुको प्रभावकारी साझेदारिता विकासका लागि जिल्लास्तरमा गैससहरुको नियमन, कार्यक्रम समन्वय, अनुगमन मूल्यांकन तथा सहजीकरण गर्ने कानूनी, कार्यविधिगत तथा संरचनागत व्यवस्था गर्ने, गैर सरकारी संस्थाहरुलाई उद्देश्यगत तथा विषयगत तथा कार्य क्षेत्रगता रुपमा वर्गीकरण र विशिष्टिकरण गर्ने, उपलव्ध विशेषज्ञताको प्रयोग सरकारी र गैर सरकारी दुवै निकायहरुले गर्ने, गैससका कार्यक्रमहरु पनि स्थानीय निकायको योजना तर्जुमा प्रक्रिया अनुरुप मागमा आधारित हुनुपर्ने व्यवस्था गर्ने, संचालित क्रियकलापहरुका नतिजालाई जिल्लास्तरीय आवधिक र क्षेत्र तथा विषयगत योजनाका लक्ष्यका साथै राज्यले हाँसिल गर्ने सहस्राव्दी विकासका लक्ष्यहरुसंग आवद्ध गराउने, पारदर्शिताका विभिन्न औजारहरुको प्रयोगद्वारा सामुदायिक उत्तरदायित्व बहन गर्ने जस्ता कार्यहरुमा जोड दिँदै अगाडी बढ्नु पर्ने आवश्यकता देखिन्छ । ❁❁❁

# तथ्याङ्कमा सहमति

| क्र. सं | कार्यक्रमको नाम | साझेदार संस्था | कार्यक्षेत्र | | लाभान्वित घरधुरी | लाभान्वित संख्या | | | | | | कर्मचारी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जातियताको आधारमा | | | | लिङ्ग र बर्षको आधारमा | | | |
| | | | कार्यरत जिल्ला | कार्यक्रमले समेटेको गाबिसहरु | | दलित | जनजाति | अन्य | जम्मा | महिला | युवा | महिला | पुरुष |
| **क) साझेदारी कार्यक्रम** | | | | | | | | | | | | | |
| १ | समुन्नति कार्यक्रम | अक्सफाम हङ्कङ्ग | नवलपरासी | जौवारी, भारतीपुर, नरम, अर्खला, रुचाङ्ग, मिथुकरम, बुलिङ्गटार, मुकुन्दपुर | ३७५० | ६३८ | २९५० | ४१५ | ४०५० | ३३६९ | २१५० | ७ | ७ |
| २ | ग्रामीण युवा विकास कार्यक्रम | आबु इन्टरनेशनल | नवलपरासि | अर्खला, बुलिङ्गटार, रतनपुर, कोटथर, डांडाझेरी, गैडाकोट | ३१८२ | १६५९ | १८०६३ | ११४० | २०६८२ | १०१०९ | ८७९० | २ | ६ |
| ३ | लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम | प्लान नेपाल | सिन्धुली | २० गाविस | १५०३१ | २१८१ | १०८६० | ५८८१ | १८९२२ | १८९२२ | ५६४८ | ५ | ५ |
| ४ | दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम | प्लान नेपाल | बाग्लुङ्ग, म्याग्दी | १८ गा.वि.स. | ८९५१ | ४४११ | १८३३ | ४९११ | १११५५ | १११५५ | - | ७ | ६ |
| ५ | किशोरि शक्ति परियोजना | प्लान नेपाल | म्याग्दी | २० गाविस | ४९३४ | १६७५ | ३७२४ | १२१२ | ६६११ | ६६११ | १४३५ | १० | ९ |
| ६ | अमिलो जातका फलफुलहरुको बजार प्रवर्द्धन परियोजना | लुथरन वर्ल्ड रिलिफ | नवलपरासी र तनहु | नवलपरासी- जौवारी, नरम, डाडाझेरी, रुचाङ्ग र अर्खला तनहु-बन्दिपुर नगरपालीका( बन्दिपुर र धरमपानी गा.वि.स. मिलाएर बनेको), वैदी, छिपछिपे, छिम्केश्वरी, देउराली, आबुखैरेनी | १००० | १७ | ९२२ | ९९ | १०३८ | ४९० | - | ३ | २ |
| **ख) केन्द्रीय कार्यालय** | | आन्तरिक | नवलपरासी | - | - | - | - | - | - | - | - | १ | ८ |
| **जम्मा** | | - | ५ जिल्ला | ७७ गा.वि.स | **३६८४८** | **१०५८१** | **३८३५२** | **१३६५८** | **६२४५८** | **५०६५६** | **१८०२३** | **३५** | **४३** |

# कार्यक्रम गतिविधि (वैशाख-असार, २०७१)

**सहमतिले आफ्ना कार्यक्रमहरुलाई २ कार्यगत विषयमा विभाजित गरेको छ ।**

विषयगत क्षेत्र-१ मा सामाजिक परिचालन र सामुदायिक विकास रहेको छ, जस अन्तर्गत निम्न साझेदारी कार्यक्रमहरु रहेका छन् ।

### समुन्नति कार्यक्रम नवलपरासी

ग्रामीण स्वावलम्बन प्रयासहरुको प्रवर्द्धन (समुन्नति) कार्यक्रम गत सन् २००५ मार्च महिनादेखि शुरु भएको अक्सफाम हङ्कङ्गसँगको साझेदारीमा सञ्चालित कार्यक्रम हो । समुदायको सशक्तिकरणद्वारा संकटासन्नता न्यूनीकरण गर्दै दीगो जीविकोपार्जनमा सहयोग पुऱ्याउने, जसले गुणस्तरीय जीवन र समुदायको सम्पन्नतालाई आफ्नो लक्ष्य बनाएको छ ।

- नरम तथा बुलिङ्गटार गाविसस्थित लगनशील महिला बचत तथा ऋण सहकारी संस्था लि. र सुनौलो बचत तथा ऋण सहकारी संस्था लि.को ३ वर्षे व्यवसायिक योजना निर्माण ।
- बुलिङ्गटार गाविस गठन भएका १० वटा महिला समूहमा समूह व्यवस्थापन तालिम सम्पन्न । जसमा ३० जना सहभागी ।
- रुचाङ्ग तथा मिथुकरम गाविसमा सहकारी गठन/प्रवर्द्धन सम्बन्धी गोष्ठी सम्पन्न । रुचाङ्गमा नयाँ महिला बचत तथा ऋण सहकारी गठन प्रक्रिया शुरु । मिथुकरममा गाउँवेसी बहुमुखी सहकारी संस्थासँग सहकार्यको थालनी । डिभिजन सहकारी कार्यालय, नवलपरासीको सहजिकरणको भूमिका रहेको थियो ।
- अर्खला गाविसस्थित महिला समूहहरुमा २ वटा नेतृत्व क्षमता विकास तालिम सम्पन्न ६० जना महिलाहरुमा नेतृत्व क्षमता विकास ।
- जौवारी, भारतीपुर, नरम, अर्खला, मिथुकरम र बुलिङ्गटारस्थित सहकारी संस्थाहरुमा कार्यरत व्यवस्थापक तथा अन्य सहजकर्ता कर्मचारीहरुको लागि सहकारी लेखा सम्बन्धी पुनर्ताजगी तालिम सम्पन्न ९ जनामा थप क्षमता अभिवृद्धि ।
- अर्खला, नरम, रुचाङ्ग र मिथुकरम गाविसमा ७ वटा साना सिञ्चाई कुलो मर्मत ९० घरधुरी लाभान्वित भई १५० रोपनी जमिनमा पुन सिञ्चाई सुचारु ।
- मिथुकरम, रुचाङ्ग, अर्खलामा १८० घरधुरीमा बेमौषमी तरकारी खेती, पोषण र आय दुवै वृद्धि ।
- जौवारी गाविस १ हरबलेमा एकीकृत जलस्रोत व्यवस्थापन कार्य अन्तर्गत २२ घरधुरीलाई सिञ्चाई सुविधा पुग्ने गरी सिमेन्ट पोखरी निर्माण । मुहानमा खेर गएको पानीको शतप्रतिशत उपयोग ।
- ६० जना कृषक (मिथुकरम, रुचाङ्ग, नरम, बुलिङ्गटार) द्वारा जैविक विषादी/मल निर्माण तालिम लिई विषादी तयार गरेका छन् ।

जसले उत्पादन वृद्धिमा सहयोग ।

- अर्खला तथा मिथुकरम गरी ५ वटा सिमेन्ट पोखरी निर्माण । करेसावारी र बेमौषमी तरकारी खेती वृद्धि ५ घर लाभान्वित ।
- मिथुकरम गाविसमा २ वटा कृषक समूह जिल्ला कृषि कार्यालयमा दर्ता ।
- अर्खला, रुचाङ र मिथुकरम गाविसमा ६ वटा समूहमा ब्याडे बोका सहयोग, बाख्रामा नश्ल सुधारको शुरुवात ।
- अर्खला, नरम रुचाङ्ग र मिथुकरममा २३ वटा थोपा सिञ्चाई सेट सहयोग २३ जना थप कृषकमा व्यवसायिक कृषिको तयारी ।
- बुलिङ्टार, मिथुकरम, नरम र रुचाङ्मा २७ वटा प्लाष्टिक टनेल सहयोग २७ जनाद्वारा बेमौषमी टमाटर खेती शुरु ।
- जौवारी, भारतीपुर, नरम, रुचाङ्ग र मुकुन्दपुरमा नमूना SRI विधिबाट धान खेती शुरु । धान उत्पादन दोब्बर वृद्धि हुने लक्ष्य २ वटा समूह र थप १० जना कृषकले लिएका छन् ।
- अर्खला गाविस वार्ड नं.-७ ढुङ्गेमा ३०७०० बोट अमृसो खेती । सामुदायिक वनको पहलमा पहिरोग्रस्त १४ रोपनी जमिनमा अमृसो रोपण कार्य सम्पन्न ।
- समुन्नति कार्यक्रम सन् २००५ देखि हालसम्मको समग्र कार्यक्रमको मुल्यांकन MITRA संस्थाबाट सम्पन्न ड्राफ्ट रिपोर्ट प्राप्त ।
- लिवर्डको आयोजनामा कृषि अधिकृत/प्राविधिकस्तरका कर्मचारीको जैविक विविधता संरक्षण प्रणालीबाट खेती विषयमा ५ दिने तालिम सम्पन्न । तालिमपछि जलवायु उत्थानशील शैली/विधिबाट कार्यक्रममा सहयोग पुग्न थालेको ।
- अक्सफाम GB को आयोजनामा स्थानीय विपद जोखिम व्यवस्थापन योजना तयारी तालिम हेटौडामा सम्पन्न । विपद् व्यवस्थापनलाई कार्यक्रममा समेट्न सहयोग ।
- अक्सफाम/आधारभूत ग्रामीण विकास सेवा कपिलवस्तुको आयोजनामा ४ दिने RWS ढाँचा बारे अनुभव आदानप्रदान अक्सफाम हङ्कङ्ग साझेदारहरुका बीचमा गोरखामा सम्पन्न । RWB बारे साझा बुझाई र समान सूचक उपसूचक निर्माणमा महत्वपूर्ण सहयोग ।

## लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धी कार्यक्रम, सिन्धुली

सहमति र प्लान नेपाल, सिन्धुलीद्वारा सञ्चालित लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम सन् २०१० देखि सिन्धुलीको २० गा.वि.स.मा सञ्चालन गरिएको छ । सिन्धुलीको पहाडी भेगमा रहेका ग्रामीण महिलाहरुको सामाजिक तथा आर्थिक सशक्तिकरण, पारिवारीक, सांस्कृतिक विकास गरी समग्र गुणस्तरीय जीवनमा योगदान गर्दै ग्रामीण महिला समूह, सहकारीको संस्थागत क्षमता विकास गर्ने कार्यक्रमको लक्ष्य रहेको छ ।

- हालसम्म ११०३ वटा स्वावलम्बी महिला समूहहरुमा १८,९२२ जना सदस्य आवद्ध जसमध्ये १७,६४९ जना सदस्य सहकारीमा आवद्ध भई शेयर पूँजी रु.१,९८,७८,०००/- र बचत रकम रु. ४,८२,३७,०००/- संकलन।
- कार्य क्षेत्रभित्रका महिला सहकारी संस्थाहरुमा हाल रु. ८,४४,२९,००/- ऋण लगानी गर्न सफल ।
- जलकन्या गा.वि.स. भित्रका १६-२५ वर्ष उमेर समूहका शतप्रतिशत युवा महिलाहरु महिला सहकारी संस्थामा आवद्ध ।
- गा.वि.स.बाट महिला सहकारीको भवन निर्माण र काउण्टर निर्माणका लागि आर्थिक सहयोग उपलब्ध ।
- जलकन्या महिला साकोसले नेपाल राष्ट्र बैंक ग्रामीण स्वाबलम्बन कोषबाट कम व्याजदरमा रु. २०,००,०००/- रकम ऋणका लागि स्वीकृती प्राप्त गरेको ।

## ग्रामीण युवा विकास कार्यक्रम, नवलपरासी

सहमति र AWO International, Germany सँगको साझेदारीमा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रम नवलपरासी जिल्लाको ६ वटा गा.वि.स. मा जनवरी २००८ देखि निरन्तर रुपमा सञ्चालन भइरहेको छ । यस कार्यक्रमले ग्रामीण क्षेत्रमा रहेको युवा जनशक्तिलाई परिचालन गरी गाउँको विकासमा अग्रणी भूमिका निभाउनको लागि विभिन्न किसिमका आयमूलक कार्यक्रमहरु गर्दै आइरहेको छ । यस कार्यक्रमको मुख्य उद्देश्य नेपालमा दिनानुदिन बढ्दै गइरहेको युवा जनशक्तिलाई क्षमता अभिवृद्धि गरी स्वदेशमै रोजगारीका अवसरहरु सिर्जना गरी ग्रामीण क्षेत्रका समुदायहरुको गुणस्तरीय जीवनमा पहुँच पुगोस् भन्ने रहेको छ ।

- सृजनशील सामुदायिक विकास मञ्च-रतनपुर, जीवनज्योती सामुदायिक विकास मञ्च-कोटथर र जनसेवा सामाजिक विकास केन्द्र-डाँडाझेरीमा संस्था कार्ययोजना तयारी ।
- युवा सूचना केन्द्र, रतनपुरमा कार्ययोजना तयारी ।
- नयाँ कार्यक्षेत्र अर्खला र बुलिङ्टार गाविसमा युवा सूचना केन्द्रको स्थापना ।
- बुलिङ्टार तथा कोटथर गाविसमा गैसस व्यवस्थापनका लागि पैरवी सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न । जसमा ६५ जना युवाहरुको सहभागिता ।
- डाँडाझेरी गाविसको कामना बचत तथा ऋण सहकारी संस्था लि. र कोटथर गाविसको देवचुली बचत तथा ऋण सहकारी संस्था लि.मा सहकारी नीति तयारी कार्यशाला गोष्ठी सम्पन्न । जसमा ५८ जना सदस्यहरुको सहभागिता ।
- कोटथर गाविसमा रहेको देवचुली बचत तथा ऋण सहकारी संस्था लि.मा लेखा व्यवस्थापन पुनर्ताजगी तालिम सम्पन्न । जसमा २२ जना सदस्यहरुको सहभागिता ।
- तेस्रो चरणका लागि भएको ६ वटा गाविसमा (गैंडाकोट वार्ड नं.-३ ढोडेनी, रतनपुर, कोटथर, डाँडाझेरी, अर्खला र बुलिङ्टार) आधारभूत घरधुरी सर्वेक्षण कार्यक्रम सम्पन्न ।
- सुरक्षित आप्रवासन भित्तेपात्रो-२०७१ प्रकाशन ।
- बुलिङ्टार गाविसमा रहेको सुनौलो बचत तथा ऋण सहकारी संस्था लि.मा सेफ वक्स सामाग्री सहयोग ।
- झेरीखण्डे आन्तरिक नियन्त्रण समितिले कोटथर गाविस (सतिकोट तथा काफलडाँडा र डाँडाझेरी गाविस (छरछरे, धवादी र रामकोट) मा जैविक प्रमाणिकरणका लागि कार्य शुरुवात ।

## दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम, बाग्लुङ्ग/म्याग्दी

सहमति र प्लान नेपालको साझेदारीमा सन् २०११ डिसेम्बर देखि बाग्लुङ जिल्लाको अधिकारीचौर, देविस्थान, खुङ्गा, मल्म, काँडेबास, हटिया, नरेठाँटी, दुदिलाभाटी, पैयुँपाटा र अमलाचौर तथा म्याग्दी जिल्लाको घतान, पुलाचौर, राखुभगवती, राखुपिप्ले, बरंजा, सिङ्गा र कुहुँ गाविस गरी जम्मा १८ वटा गा. वि. स.हरुमा दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित **सामाजिक समावेशीकरण तथा विभेदरहित परियोजना** अर्न्तगत, ***"स्वावलम्बी समूहहरु तथा महिला सहकारी प्रवर्द्धन कार्यक्रम"*** निरन्तर सन्चालित कार्यक्रम हो । यस कार्यक्रको मुख्य उद्देश्य बागलुङ र म्याग्दी जिल्लाका दलित तथा एकल महिला र अपाङ्गता भएका परिवारका महिलाहरुलाई समूह र सहकारीमा आबद्ध गराई वित्तिय सेवाको पहुँचमा बृद्धि गरी उनीहरुको दीगो आय श्रोतको विकासमा सहयोग गर्ने रहेको छ ।

- हालसम्म ५०२ वटा स्वावलम्बी समूहहरु गठन गरी ११,१५५ महिला सदस्यहरु समुहमा आवद्ध । समूहमा ४४११ दलित, १८३३ जनजाती र ४९११ अन्य सदस्य रहेको । ६०८ जना एकल महिला र ७९५ जना अपाङ्गसस्ता भएका परिवारका सदस्यहरु समेत सोही समूहमा आवद्ध । जम्मा बचत रु. १७,५२,५२०/- र ८०१ ऋणी रहेको ।
- ९४२५ जना महिलाहरु १८ महिला सहकारीमा आबद्ध । यसमा ३३२९ दलित, १५६८ जनजाती र ४५२८ अन्य शेयर सदस्य रहेका छन् । ३९८ जना एकल महिला र ७३५ जना अपाङ्गता भएका परिवारका सदस्यहरु समेत सहकारीमा आबद्ध रहेका छन् । सहकारीमा जम्मा बचत रु. २,४२,०४,५२२/-, शेयर पुँजी रु. ९१,५०,९००/- रहेको छ भने सहकारी संस्थाबाट २९६९ ऋणीहरुलाई कुल रु. ३,९६,३९,७०३/- ऋण प्रवाह गरिएको छ ।
- कार्यक्षेत्रको सिंगा, घतान, राखुपिप्ले, नारायणस्थान, पैयुंपाटा, अमलाचौर, मल्म, हटिया र काँडेवास गा.वि.समा एक दिने तरकारी उत्पादन तालिम सम्पन्न । ३०१ जना कृषकहरु सहभागी भएकोमा ४४.५ प्रतिशत दलित, ९.६४ प्रतिशत जनजाति र ४५.८६ प्रतिशत अन्य सदस्यको सहभागीता । साथै १४.६ प्रतिशत अपाङ्गता भएका परिवारका सदस्य र ७ प्रतिशत एकल महिलालाई सहभागी गराइएको । त्यस्तै अमलाचौर, पैयुँपाटा र नारायणस्थानका ३० जना अगुवा कृषकहरुको सहभागीतामा तीन दिने आधारभूत बेमौसमी तरकारी उत्पादन तालिम सम्पन्न । उक्त कार्यक्रमहरुमा कृषकलाई कार्यक्रमको तर्फबाट बिउबिजन वितरण गरिएको छ ।
- कार्यक्षेत्र भित्रका १२ वटा गा. वि. स मा १६ जना दलित, ५ जना जनजाती र ९ जना अन्य गरी जम्मा ३० जनालाई टनेल निर्माण सामग्री सहयोग गरी निर्माण कार्य सम्पन्न ।
- तीन वटा सहकारीमा (राखुपिप्ले, बरंजा र कुहुँ) कार्यक्रमको तर्फबाट तीस हजार बराबरको फर्निचर सहयोग तथा पिप्ले महिला विकास बहुउद्देश्यीय सहकारी संस्था, पिप्लेको व्यवसायिक योजना तर्जुमा तालिम सम्पन्न ।

## अमिलो (Citrus) जातका फलफूलहरुको बजार प्रवर्द्धन कार्यक्रम

"अमिलो (Citrus) जातका फलफूलहरुको बजार प्रवर्द्धन परियोजना" नवलपरासी जिल्लाको सुन्तलाको पकेट क्षेत्र घोषणा गरेका ५ गाविस (डाँडाझेरी, जौवारी, अर्खला, नरम र रुचाङ्ग) र तनहुँको ७ गाविस (धरमपानी, वैदी, छिपछिपे, छिम्केश्वरी, आवुखैरनी, देउराली र बन्दीपुर) मा सहमति र लुर्थरन वर्ल्ड रिलिफको साझेदारीमा सञ्चालित परियोजना हो । यस परियोजनाको लक्ष्य सुन्तला उत्पादक किसानहरुको आम्दानी ३०% ले वृद्धि गर्ने रहेको छ ।

- उन्नत सुन्तला खेती प्रविधि तालिम सम्पन्न जसमा ५६ जनाको सहभागीता ।
- जौवारी-नवलपरासी र बन्दिपुर तनहुँका कृषकहरुलाई बजार व्यवस्थापन तथा मूल्य विश्लेषण तालिम सम्पन्न।
- मिति २०७१ बैशाख २६ गते सुन्तला कृषकहरुलाई शुन्य शक्ति शित भण्डार अवलोकनका लागि भ्रमणको आयोजना । जसमा ७ जना समुदायका कृषकहरुको सहभागीता ।
- वैदी-२ मौरीवास, तनहुँमा शुन्य शक्ति सुन्तला भण्डारण निर्माण । सुन्तला भण्डारण निर्माणको लागि कूल लागत रु.६,४०,५०० मध्ये समुदायको योगदान रु.२,८३,५०० र संस्थागत योगदान रु.३,५७,००० रहेको थियो ।
- तल्लो राईकोट, जौवारी गाविसमा निर्माण भएको सुन्तला सिंचाई आयोजनाबाट ४० घरधुरी लाभान्वित भएका छन । जसको निर्माण लागत रु.१५,२८,५००।- रहेको छ ।
- फुट स्प्रेयर मेशिन ६ वटा कृषक समूहलाई वितरण ।

## किशोरी शक्ति परियोजना, म्याग्दी

सहमति र प्लान नेपालको साझेदारीमा म्याग्दी जिल्लाको अर्मन, बाबियाचौर, वेगखोला, चिमखोला, दग्नाम, दाना, दर्वाङ्ग, देवीस्थान, झिं, ज्याम्रुमकोट, कुइनेमंगले, लुलाङ्ग, मुदी, निस्कोट, ओखरबोट, पाखापानी, पात्लेखेत, रत्नेचौर, रुम र ताकम गरी कुल २० गा.वि.स. मा किशोरी शक्ति परियोजना सञ्चालित छ । यस कार्यक्रमको मूख्य उद्देश्य वित्तीय स्रोत र जीविकोपार्जनका अवसरहरु माथिको पहुँचबाट समुदायको आय आर्जनमा वृद्धि गर्नु रहेको छ ।

- २० गाविसमा २६९ महिला समूहहरु गठन भई ६,६११ जना महिलाहरु समूहमा आवद्ध जसमध्ये १,४३५ जना युवा महिला रहेका छन् ।
- सबै २० सहकारीमा शेयर पूँजी रु.१,२७,४२,००० र बचत रु.१४०७५००० संकलन भई जम्मा रु.३,०३,२४,००० को कारोबार भईरहेको छ ।
- बालविवाह रोकथाम र न्यूनिकरणका लागि युवा महिला संस्थाहरुले आ-आफ्नै गाविसमा विभिन्न चेतनामूलक कार्य गरिरहेका जसबाट २ वटा बालविबाहसमेत रोक्न सफल भएका छन् ।
- म्याग्दी, पर्वत र बाग्लुङ्ग जिल्लामा जिल्लास्तरीय बालिका तथा युवा महिलाहरुको सवालमा कार्य गर्न जिल्लास्तरीय सञ्जाल गठन भई कार्यको थालनी भएको छ ।
- हरेक गाविसमा स्थापित युवा महिला संस्थाहरुले गाविसभित्रका मावि स्कूलहरुलाई किशोरीमैत्री विद्यालय बनाउन सरोकारवालाहरुसँग समन्वय कार्यको थालनी भएको छ ।

- २० गाविसमा २० वटा युवा महिला संस्था गठन भई युवा महिलाका सवालमा आधारित कार्यक्रमहरु निरन्तर सञ्चालनमा छन् ।
- सहकारीहरुमा प्रत्यक्ष रुपमा ४० जना युवा महिलाले रोजगारी पाएका छन् ।
- सबै युवा महिला संस्थाहरुले पहिचान गरिएका सवालमा केन्द्रित् भई वार्षिक कार्ययोजना तयार पारेका छन तथा कार्ययोजना अनुसार कार्यको थालनी भएको छ ।
- ३ वटा युवा महिला संस्थाबाट स्कूलमा सेनेटरी प्याडको व्यवस्थापन गरेका तथा अन्यले गाविस तथा हेल्थपोष्ट लगायतका निकायसँग मिली कार्यको थालनी गर्न पहल ।
- किशोरी तथा युवा महिला सञ्जाल म्याग्दीले म्याग्दी जिल्लामा किशोरीहरुको सवाललाई प्राथमिकीकरण गरी कार्यारम्भ ।
- कार्यक्षेत्रका ११ गाविसलाई तरकारी खेती पकेट क्षेत्रको रुपमा विकास कार्य विस्तार तथा व्यवसायिक तरकारी खेतीको बिस्तार भएको छ ।
- व्यवसायिक तरकारीखेती कृषक तथा व्यापारीबीच सम्पर्क तथा समन्वय कार्यको थालनी भएको छ ।
- दरबाङ्ग तथा रत्नेचौर गाविसमा २१ जना महिलाहरु ढाका उद्यमीको रुपमा स्थापित भएका छन् ।
- कार्यक्षेत्रका थप १०० घरधुरीमा प्लाष्टिक टनेल सहयोग, समुदाय आफ्नै तथा गाविस लगायतका सहयोगी निकायको प्रयासमा गरी कुल ११० घरमा प्लाष्टिक टनेल स्थापना भई टनेल खेती प्रारम्भ ।
- यस अवधिमा समूह र सहकारीको क्षमता विकाससम्बन्धी ३५ वटा, युवा महिला संस्था व्यवस्थापन तालिम १० वटा, वकिलबाट युवा महिला संस्थाका सदस्यलाई तालिम ६ वटा, व्यवसायिक तरकारी खेती प्रवर्द्धन तालिम २३ वटा, घरबगैंचा व्यवस्थापन तालिम २० वटा र गाविस सचिवहरुका लागि सकारात्मक सोधखोज तालिम १ वटा, युवा महिला संस्थाका प्रतिनिधिलाई मानवीय मूल्यमा आधारित तालिम १ वटा गरी जम्मा ९६ वटा तालिमहरु सम्पन्न जसमा २४०० भन्दा बढीको सहभागिता रहेको छ ।

**केन्द्रीय कार्यालय गतिविधि:**

- नयाँ वर्ष २०७१ सालको सुखद उपलक्ष्यमा शुभकामना आदानप्रदान कार्यक्रम मिति २०७० चैत्र ३० गते सम्पन्न । उक्त कार्यक्रममा कार्यसमिति सदस्य, सल्लाहकार सदस्य, सदस्यहरु, सहज परिवार र संस्थामा कार्यरत कर्मचारीहरु गरी ४५ जनाको उपस्थिति रहेको थियो ।
- मिति २०७१ असार १३-१५ गतेसम्म सहमति महिला विकास इकाईद्वारा अध्ययन अवलोकन भ्रमण सम्पन्न । जसमा १५ जना महिला सदस्यहरुद्वारा महिला सशक्तिकरण, क्षमता विकास तथा अधिकारमा कार्य गर्दै आइरहेका विभिन्न सामाजिक संघसंस्थाहरुसँग भेटघाट तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न ।
- मिति २०७१ जेष्ठ २१ गते बंगलादेशबाट सरकारी, गैरसरकारी तथा सहकारी संस्थाका प्रतिनिधिहरुबाट संस्थागत अवलोकन तथा प्रस्तुतिकरण । जसको समयन्वय र संचार गर्ने कार्य इसिमोड नेपालले गरेको थियो ।
- कार्यक्रमगत समिक्षा तथा सिकाइ बैठक मिति २०७१ असार २२ र २३ गते सम्पन्न । जसमा कार्यसमिति सदस्य, कार्यक्रम प्रमुख, केन्द्रीय कार्यालयका कर्मचारी लगायत २२ जनाको सहभागिता ।

**सहमति अध्ययन केन्द्र**

- जम्मा तालिम सञ्चालन दिन : ४० दिन (गत २०७१ वैशाख असार मसान्तसम्म)
- कूल सहभागी : २८९ (महिला : १३९, पुरुष : १५०)
- जम्मा सहभागी संघसंस्था : ८ (राष्ट्रिय/अन्तर्राष्ट्रिय)

**सहज स्वास्थ्य सहकारी संस्था लि., नवलपरासी**

- नियमित स्वास्थ्य परीक्षण सेवा अन्तर्गत ओपिडिमा ३४६ जना, प्रयोगशालामा ६३१ जना, आकस्मिक सेवामा ३०३ जना, परिवार स्वास्थ्य कार्यक्रममा घरदैलो सेवा १४२१ जना, एक्सरेमा १४४ जना, ई.सि.जि.मा २३ जना, अल्ट्रा साउन्डमा १८ जनाले सेवा लिनु भएको छ । विगत ३ महिनामा १८ जना बिरामी भर्ना भई डिस्चार्ज भएका थिए ।
- सहज स्वास्थ्य सहकारी संस्था लि., भरतपुर आँखा अस्पताल र मधुमेह समाज गैंडाकोटको संयुक्त आयोजनामा २०७१/०२/१७ गते विशेषज्ञ डा. रञ्जित शाह र उहाँको टोलीको प्रयासमा मधुमेह रोगीहरुको आँखाको रेटिना जाँच सम्बन्धि शिविर संचालन गरेको थियो । उक्त स्वास्थ्य शिविरबाट १२१ जना व्यक्तिहरु लाभान्वित भएका थिए ।
- सहज सामुदायिक अस्पतालले जेठ महिनादेखि बाल रोग र हाडजोर्नी तथा नशा रोग सम्बन्धी नियमित विशेषज्ञ सेवा संचालन गर्दै आएको छ ।
- सहज सामुदायिक अस्पतालले गत २०७० वैशाख महिनादेखि हरेक शुक्रवार नियमित खोप सेवा संचालन गर्दै आएको छ । यस अन्तर्गत विगत तीन महिनामा ८७ जना बालबालिकाले सो सेवा लिसकेका छन् ।
- सुरक्षित मातृत्व एवं शिशु तथा नवजात शिशुहरुको जीवन रक्षा गर्न सहयोग पुऱ्याउने उद्देश्यले दिगो स्वास्थ्य सुधारका लागि सहज सामुदायिक अस्पताल गैडाकोट, केयर नेपाल तथा जिल्ला स्वास्थ्य कार्यालयको संयुक्त आयोजनामा नवलपरासी जिल्लामा मातृ शिशु स्वास्थ्य सहयोग (स्माइल) परियोजना संचालन भइरहेको छ । उक्त परियोजना अन्तर्गत १० वटा गा.वि.सहरु क्रमशः गैडाकोट, मुकुन्दपुर, रजहर, रतनपुर, अमरापुरी, कोटथर, बुलिङटार, डँडाभ्फेरी, अर्खला, देवचुलीमा यस परियोजना संचालन गरिंदै आएको छ । यस कार्यक्रम अर्न्तगत विगत तीन महिनामा २४४ जना गर्भवती एव् सुत्केरी महिलाहरुले गर्भावस्था एवं सुत्केरी अवस्थामा गर्नु पर्ने स्याहार बारे जानकारी प्राप्त गरेका थिए ।

# कार्यक्रमका केही झलकहरू



सरकारी मार्फत् आयमूलक कर्जा लिई संचालित आफ्नै पसलमा पार्वती श्रेष्ठ, डण्डीगुराँसे, सिन्धुली



सहकारीबाट सेवा लिदै सहकारी सदस्यहरु भिमेस्थान, सिन्धुली



सुरक्षित वैदेशिक रोजगार सम्बन्धी होर्डिङ्ग बोर्ड, नवलपरासी



ग्रेडिङ्ग गरिसकेपछि किसानहरुद्वारा शुन्यशक्ति भण्डारमा राखिएका सुन्तलाहरु–राईकोट, जौवारी गाविस, नवलपरासी



SRI विधिद्वारा धान खेती मुकुन्दपुर, नवलपरासी



एक दिने तरकारी खेती उत्पादन तालिमका सहभागीहरु, वागलुङ



तरकारी खेती, बाबियाचौर, म्याग्दी




कर्मचारी बैठक, किशोरी शक्ति परियोजना–म्याग्दी



लुथरन वर्ल्ड रिलिफका राष्ट्रिय निर्देशक एवं अनुगमन तथा मुल्यांकन मेनेजरद्वारा कार्यक्षेत्र अवलोकन, नवलपरासी



जैविक विषादी र झोल मल तयारी नवलपरासी

प्रेषक

सहमति
गैंडाकोट–५ नवलपरासी
फोन नं.: ०५६-५०२०९०
E-mail:sahamati@wlink.com.np
Website : www.sahamati.org

प्रापक

टिकट